एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

# तेत्तिसौं साधारण सभा

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

२९ र ३० मंसिर २०८१ (१४ र १५ डिसेम्बर २०२४)

## वार्षिक प्रतिवेदन २०८०/८१

# एम्नेस्टी इन्टरनेसनल

सन् १९६१ मा बेलायती वकिल पिटर बेनेन्सनलाई पोर्चुगलका दुईजना युवाले स्वतन्त्रताका नाममा टोस्ट गरेको निहुँमा त्यहाँको सरकारले उनीहरूलाई सात वर्ष कैद सजाय दिएको कुराले साह्रै चिन्तित तुल्यायो। शान्तिपूर्ण तवरले आफ्नो आस्था प्रकट गर्न पाउने नैसर्गिक अधिकारको उपयोग गरेकै निहुँमा बन्दी बनाएर सरकारले ती युवकहरूमाथि अन्याय गरेको र त्यस्ता पीडितहरूलाई अरु नागरिकहरूले समेत बिर्सेको महसुस पिटर बेनेन्सनले गर्नुभयो र ती पोर्चुगिज युवा र उनीहरूजस्तै अन्यायमा परेका अन्य कैयौं आस्थाका बन्दीहरूका पक्षमा आवाज उठाउन आह्वान गर्दै उहाँले बेलायतबाट प्रकाशित हुने अखबार दी अब्जर्भर (The Observer) मा २८ मे १९६१ का दिन "बिर्सिएका बन्दीहरू" (The Forgotten Prisoners) शीर्षकको एक लेख प्रकाशित गर्नुभयो। उक्त लेखमा विभिन्न स्थानमा आस्थाका आधारमा बन्दी बनाइएका नागरिकहरूको रिहाइका लागि २८ मे १९६१ देखि "आममाफीका लागि अनुरोध १९६१" (Appeal for Amnesty 1961) नामक अभियानको थालनी गरिने र सो अभियानसम्बन्धी कामको समन्वय गर्न बेलायतको लन्डनमा कार्यालय स्थापना गरिने कुरा उल्लेख गरिएको थियो। अन्ततः अभियानलाई संस्थागत रूपमा व्यवस्थित तवरले अघि बढाउन ३० सेप्टेम्बर १९६२ मा "एम्नेस्टी इन्टरनेसनल" भनी आधिकारिक रूपमा नामाकरण गरियो।

एम्नेस्टी इन्टरनेसनल (ए.आई.) अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानवअधिकारहरू सम्मानित र संरक्षित हुनु पर्दछ भनेर अभियान सञ्चालन गर्ने व्यक्तिहरूको एक विश्वव्यापी अभियान हो। यो साधारण व्यक्तिहरूद्वारा सञ्चालित असाधारण (Extraordinary movement by ordinary people) अभियान हो जसमा विश्वभर रहेका ए.आई. का सदस्य एवं समर्थकहरू विश्वको कुनै पनि स्थानमा हुने कुनै पनि प्रकारको मानवअधिकार उल्लङ्घन वा ज्यादतीको विरुद्धमा नैतिक दवाब सिर्जना गर्दछन्। एम्नेस्टीले मानवअधिकारको क्षेत्रमा गरेको कामको मूल्यांकन स्वरूप सन् १९७७ को नोवेल शान्ति पुरस्कार तथा १९७८ को संयुक्त राष्ट्रसंघीय मानवअधिकार पुरस्कार लगायतका थुप्रै पुरस्कार र सम्मानहरू प्राप्त गरेको छ। हाल संसारभर एक करोड भन्दा बढी सदस्य र सहयोगदाता यसमा आबद्ध छन्।

एम्नेस्टी नेपाल शाखालाई नेपालमा सन् १९६९ मा कानुन व्यवसायी नुतन थपलियाले पहिलो पटक स्थापना गर्नु भएको हो। त्यसको केही वर्षपछि एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" (Nepal Section)को मान्यता प्रदान गरेको थियो। तर तत्कालीन शासन व्यवस्था र परिस्थितिका कारण सन् १९८२ पछि अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" को मान्यता खारेज गर्यो। "नेपाल शाखा" को मान्यता खारेज भएपछिका वर्षहरूमा पनि विभिन्न बुद्धिजीवी तथा मानवअधिकार अभियन्ताहरू सो एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालयबाट सदस्यता लिने, एम्नेस्टी समूहहरू गठन गर्ने एवं एम्नेस्टीले सञ्चालन गर्ने विश्वव्यापी अभियानमा सहभागी हुने क्रम निरन्तर थियो। वि.सं. २०४६ मा प्रजातन्त्रको पुनःस्थापनापछि नेपालमा एम्नेस्टी इन्टरनेसनलको राष्ट्रिय कार्यालय गठनको प्रयास भयो र सन् १९९० मा एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयको पहलमा एक समन्वयात्मक संरचना (Coordinating Structure) गठन भयो। त्यसपछि सन् १९९३ मा नेपाल सो Coordinating Structure लाई अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको "नेपाल शाखा" को मान्यता प्रदान गर्यो। त्यसपछिका वर्षमा एम्नेस्टी नेपालले निर्वाध र सकृयतापूर्वक आफ्ना गतिविधिहरू अघि बढाइरहेको छ। हाल एम्नेस्टी नेपालमा ३९ जिल्लाहरूमा सक्रिय ८३ समूह र ५५ युथ नेटओर्कहरूमा आबद्ध झण्डै ७,००० सदस्य/अभियन्ताहरू र हजारौंको सङ्ख्यामा सुभेच्छुक र समर्थकहरू रहनुभएको छ।

# विषय सूची


१. निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को योजना कार्यान्वयनको प्रतिवेदन १

२. समूह र युथ नेटवर्कहरूले आ.व. २०८०/८१ मा गरेका कार्यक्रमहरूको विवरण ४३

३. गभर्नेन्स र सङ्गठनात्मक गतिविधि ५१

४. एम्नेस्टी इन्टरनेसनल नेपाल पुनरावेदन समितिका पदाधिकारी, नेसनल बोर्डका पदाधिकारी तथा राष्ट्रिय सचिवालयका कर्मचारीहरूको नामावली विवरण ६७

**तेत्तिसौं साधारण सभा**
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
२९ र ३० मंसिर २०८१ (१४ र १५ डिसेम्बर २०२४)

एम्नेस्टी इन्टरनेसनल नेपाल

## निर्देशकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को योजना कार्यान्वयनको प्रतिवेदन

एम्नेस्टी इन्टरनेसनल नेपालको सम्मानित तेत्तिसौं साधारण सभाका अध्यक्षज्यू, एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कलाई प्रतिनिधित्व गर्दै तथा समर्थक सदस्यको क्लस्टरबाट सहभागी हुनुभएका प्रतिनिधिज्यूहरू, अन्तर्राष्ट्रिय बोर्ड र सचिवालयका प्रतिनिधिज्यू, एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथिज्यूहरू, नेसनल बोर्ड एवं पुनरावेदन समितिका पदाधिकारीज्यूहरू, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरू एम्नेस्टी नेपालका पूर्व अध्यक्षज्यूहरू एवं राष्ट्रिय सचिवालयका सहकर्मी साथीहरू,

मानवअधिकारको क्षेत्रमा कार्यरत विश्वको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको निर्देशकको हैसियतले संस्थाको सम्मानित ३३ औं साधारण सभासमक्ष एम्नेस्टी नेपालको आर्थिक वर्ष २०८०/८१ (१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४) को वार्षिक "योजना कार्यान्वयन" प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ।

गत वर्षहरूमा झैं यस आर्थिक वर्षमा पनि एम्नेस्टी नेपालले मानवअधिकारसम्बन्धी विभिन्न स्थानीय र अन्तर्राष्ट्रिय अभियान सञ्चालन गर्दै विविध गतिविधिहरू सम्पन्न गरेको छ।

लैङ्गिक न्याय (Gender Justice), अन्तर्समूहगत न्याय (Intersectional Justice), सङ्क्रमणकालीन न्याय, जलवायु न्याय (Climate Justice) र दण्डहीनताविरुद्धका अभियान, जोखिममा परेका व्यक्ति तथा मानवअधिकारको अवस्था सङ्कटग्रस्त रहेको मुलुकका नागरिकहरूको स्वतन्त्रता र मानवअधिकारका लागि गरिएका विभिन्न अभियानहरू, मानवअधिकार शिक्षा र अन्य विविध जनचेतनामूलक कार्यहरू, एम्नेस्टी नेपालमा आबद्ध समूह र युथनेटवर्कका सदस्यहरूका लागि क्षमता अभिवृद्धिसम्बन्धी गतिविधिलगायतका विभिन्न गतिविधिहरू यस आर्थिक वर्षमा सम्पन्न भएका छन्।

अध्यक्षज्यू तथा सम्मानित साधारण सभाका सभासदज्यूहरू,

अब म मिति २०८१ असोज १३ र १४ गते (तदनुसार २९ र ३० सेप्टेम्बर २०२४) बसेको नेसनल बोर्डको बैठकमा पेश भई उक्त बैठकले पारित गरेको यस संस्थाको वर्ष २०८०/८१ को वार्षिक "योजना कार्यान्वयन" प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु। यस प्रतिवेदनमा संस्थाका तर्फबाट २०८० साउन १ देखि २०८१ असार ३१ गते (असार मसान्त) (१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४) सम्म भएका प्रमुख गतिविधिहरूलाई समेटिएको छ।

# परिच्छेद १

## १. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी गतिविधि र अभियानहरू

नेपालको संविधानले लोकतन्त्रमा आधारित समाजवाद, सामाजिक न्याय र समानताको आधारमा आर्थिक समृद्धि सुनिश्चित गर्ने लक्ष्यसहित व्यापक मौलिक अधिकारहरूको व्यवस्था गरेको छ। एम्नेस्टी नेपालले यी अधिकारहरूको सम्मान र कार्यान्वयन सुनिश्चित गर्न नागरिक समाज, पीडित समुदाय र अन्य संघसंस्थाहरूसँग सहकार्य गर्दै, स्थानीय, प्रादेशिक र सङ्घीय सरकारलाई उनीहरूको भूमिका र जिम्मेवारीबारे निरन्तर सचेत गराउँदै आएको छ। साथै, आर्थिक र सामाजिक अधिकार, विशेषगरी भूमि अधिकार, पर्याप्त आवासको अधिकार र खाद्य अधिकारसम्बन्धी कानुन तथा नीतिहरू बनाउँदा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड अनुरूप कानुनी संरचना र कार्यान्वयनको ढाँचा तयार गर्न पनि सुझाव प्रदान गर्दै आएको छ।

एम्नेस्टी नेपाल भूमिहीन सुकुम्बासी, दलित, जबर्जस्ती निस्कासनको जोखिममा रहेका व्यक्ति र समुदायहरूसँग प्रत्यक्ष सम्पर्क विस्तार गर्दै संविधान र कानुनले प्रत्याभूत गरेका अधिकारहरूको पहुँच सुनिश्चित गर्न सक्रिय रूपमा सहयोग गरिरहेको छ। एम्नेस्टीले नेपालको संविधानद्वारा सुनिश्चित गरिएको पर्याप्त आवासको अधिकारको सम्मान, सुरक्षा र प्रवर्द्धनका लागि आवाज उठाउदै सार्वजनिक चासोको मुद्दा (*पब्लिक इन्ट्रेस्ट लिटिगेसन*) मा समर्थन/सहयोग गरेको थियो जसबाट बागमती नदीको किनारबाट जबरजस्ती निस्कासन हुने खतरा झेलिरहेका सयौं परिवारलाई राहत प्रदान भएको थियो। यी मुद्दाहरूमा सामाजिक न्याय संवादमार्फत निरन्तर छलफल र पैरवी गर्दै आएको छ। यससँगै जलवायु न्याय, घरेलु तथा आप्रवासी श्रमिकहरू र सडक व्यापारीहरूको अधिकारलाई प्राथमिकतामा राखी विभिन्न सचेतनामूलक र पैरवीमूलक गतिविधिहरूको आयोजना गरिएको थियो।

यस वर्ष साउदी अरेबियामा अमेजन कम्पनीमा अनुबन्धित नेपालीसहित अन्य ७०० आप्रवासी श्रमिकहरूले एम्नेस्टीको अनुसन्धान र अभियानकै कारण उनीहरूले भोगेका दुर्व्यवहारपूर्ण व्यवहारका लागि क्षतिपूर्ति पाएका थिए। जलवायु परिवर्तनमा राज्यहरूको दायित्वसम्बन्धी अन्तर्राष्ट्रिय न्यायालयमा विचाराधीन न्यायिक प्रक्रियामा एम्नेस्टी नेपालले गरेको अभियानात्मक गतिविधिहरूका साथै एम्नेस्टी नेपालको सहयोगमा गठित युवाहरूको समूहले तर्जुमा गरी नेपाल सरकारलाई बुझाएको लिखित धारणाकै कारण नेपालले उक्त मुद्दामा अन्तर्राष्ट्रिय न्यायालयमा आफ्नो लिखित धारणा पेश गरेको छ।

नेपालले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि अनुमोदन गरे पनि दलित, महिला, यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायहरू विभेदपूर्ण सांस्कृतिक मूल्य र परम्परागत मान्यताका कारण अझै शोषण र हिंसाबाट मुक्त हुन सकेका छैनन्। यस पृष्ठभूमिमा, एम्नेस्टी नेपालले राज्यलाई जिम्मेवार बनाउन र पीडित समुदायहरूको अधिकार सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। यसै वर्ष एम्नेस्टीले *"कसैलाई मतलब छैन": दलित विरुद्ध वंशमा आधारित विभेद*को अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो।

## अन्तर्राष्ट्रिय न्यायालय (आई.सि.जे.)मा जलवायु न्याय सुनिश्चित गर्न नेपालको प्रयास र एम्नेस्टी नेपालको भूमिका

संयुक्त राष्ट्रसंघको महासभाले २०७९ चैत्र २९ मा एक सङ्कल्पपत्रमार्फत अन्तर्राष्ट्रिय न्यायालय (आई.सि.जे.)लाई जलवायु परिवर्तनको सन्दर्भमा राष्ट्रहरूको दायित्वसम्बन्धी विषयमा आफ्नो न्यायिक टिप्पणी जारी गर्न आग्रह गरेपछि जलवायु परिवर्तनको विषय, त्यसका अन्तर्राष्ट्रिय कानुनी पाटाहरू र मानवअधिकारको उपभोगसँगको सम्बन्धका बारेमा संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रहरूले आई.सि.जे.मा आफ्नो लिखित धारणा प्रस्तुत गर्न सक्ने आदेश जारी भएको थियो।
यस अवसरको नेपालले सदुपयोग गर्नुपर्दछ र मानवअधिकार मैत्री, भावी पुस्ता मैत्री तथा जलवायु परिवर्तनले मानवअधिकारको उपभोगमा गरेको ह्रासको अन्तरविभाजक (इन्टरसेक्सनल) तवरले व्याख्यासहितको लिखित धारणा आई.सि.जे.मा पठाउनुपर्ने मागसहित मिति २०८० भाद्र १२ गते नेपालका तत्कालीन परराष्ट्रमन्त्रीलाई पत्रचार गरिएको थियो। यसै सन्दर्भमा, भाद्र २० गते कान्तिपुर दैनिकमा एम्नेस्टी नेपालका निर्देशक निराजन थपलियाको "अन्तर्राष्ट्रिय न्यायालयमा नेपालको जलवायु परिवर्तनको सवाल" भन्ने शीर्षकको लेख प्रकाशित भएको थियो।

आई.सि.जे.मा जलवायु परिवर्तनको सन्दर्भमा राष्ट्रहरूको दायित्वसम्बन्धी न्यायिक प्रक्रियामा नेपालको भूमिका सुनिश्चित गर्नका लागि विभिन्न अभियानात्मक गतिविधिहरू सञ्चालन गरिने क्रममा असोज २९ गते युवा कानुन व्यवसायी, नेपाल सरकारका विभिन्न मन्त्रालय र विभागका प्रतिनिधि तथा एम्नेस्टी नेपालका सदस्यहरूको सहभागितामा एक छलफल कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा एम्नेस्टी नेपालले उक्त न्यायिक प्रक्रियामा नेपालले आफ्नो भूमिका सुनिश्चित गर्नका लागि किन आवश्यक छ भन्ने विषयमा एम्नेस्टी नेपालका मानवअधिकार शिक्षा कार्यक्रम अधिकृत कुन्दन राज शर्माले प्रस्तति राख्नु भएको थियो। कार्यक्रममा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"का विकास सल्लाहकार डा. पपुलर जेन्टल भुषालले नेपाल सरकारका विभिन्न निकायहरूसँग समन्वय गर्न सहयोग गर्ने वाचा गर्नुभएको थियो।


अन्तर्राष्ट्रिय न्यायालयमा नेपालको जलवायु परिवर्तनको सवाल




आई.सि.जे.मा विचाराधीन न्यायिक प्रक्रियामा नेपालको लिखित धारणा समयमै प्रेषित गर्न सुनिश्चित गर्न एम्नेस्टी नेपालका मानवअधिकार शिक्षा अधिकृत कुन्दन राज शर्माको संयोजकत्वमा गठित युवा कानुन व्यावसायीहरू तथा कानुनका विद्यार्थीहरू सम्मिलित समितिले नेपाल सरकारलाई ७० पृष्ठ लामो तर्जुमा पेश गऱ्यो, जसलाई छोट्याउन सरकारको अनुरोधपछि ११ पृष्ठमा संक्षिप्त गरी पुनः पेश गरियो। नेपाल सरकारले उक्त तर्जुमामा धेरै परिवर्तन नगरी आफ्नो धारणा आई.सि.जे.लाई पठायो। यस प्रक्रियामा एम्नेस्टी नेपालका कर्मचारी र समिति सदस्यहरूले विभिन्न सरकारी अधिकारीहरूसँग निरन्तर समन्वय र छलफल गरेका थिए।

मिति २०८० असोज ११ गते वर्ल्ड युथ फर क्लाइमेट जस्टिस र हरिन नेपालको आयोजनामा, एम्नेस्टी इन्टरनेसनल नेपालको सहयोगमा, "जलवायु परिवर्तन र मानवअधिकार" विषयक कार्यशाला सम्पन्न भएको थियो। कार्यशालामा एम्नेस्टी नेपालका मानवअधिकार शिक्षा संयोजक कुन्दन राज शर्माले जलवायु परिवर्तन र मानवअधिकारका विषयमा प्रस्तुति दिनुभएको थियो। कार्यक्रमका वक्ताहरूमा वर्ल्ड युथ फर क्लाइमेट जस्टिसकी एसिया फ्रन्ट संयोजक निकोल पोंस, काठमाडौं स्कूल अफ लकी एसिस्टेन्ट प्रोफेसर डा. अम्रिथा विश्वनाथ, एम्नेस्टी इन्टरनेसनल नेपालका मानवअधिकार शिक्षा संयोजक कुन्दन राज शर्मा, कानुन अनुसन्धानकर्ता वृतान्त खनाल, हरिन नेपालका सह-संस्थापक बिनोद देउवा, र राष्ट्रिय अभियन्ता प्रज्वल बिक्रम राणा हुनुहुन्थ्यो। कार्यक्रममा अन्तर्राष्ट्रिय न्यायालयमा विचाराधीन जलवायु परिवर्तन र राज्यहरूको दायित्वसम्बन्धी मुद्दा र नेपालको प्रभावकारी सहभागिताबारे विस्तृत छलफल भयो।

यसै वर्ष एम्नेस्टी नेपालले जलवायु परिवर्तनसम्बन्धी एम्नेस्टी इन्टरनेसनलको ग्लोबल पोलिसि दस्तावेज हाम्रो अधिकारलाई जलाउन बन्द गर! (Stop Burning Our Rights !) लाई नेपालीमा अनुवाद गरी मूद्रण गरेको थियो साथै जलवायु परिवर्तनका कारण मानवअधिकारमा पर्ने असरका बारेमा एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीको Impact Of Climate Change On Human Rights शीर्षकको लेख पनि द राइजिङ्ग नेपालमा प्रकाशित भएको थियो।






**Impact Of Climate Change On Human Rights**

Everybody needs to express solidarity to address the climate crisis in order to save people and planet immediately.

Bipin Budhathoki

The Rising Nepal — Mon, 2 October 2023

Share — Change Font Sizes: A A A

Climate change is a hot topic of discussion today. Its impact is putting the existence of living species at risk. Who should be responsible to mitigate this emergency? In the last couple of years, millions of young people, mostly the school-goers and university students, are leading a movement on climate issue. A young Swedish environmental activist Greta Thunberg has become a house-hold name. She is appealing the global leaders to make the earth a better place to live in asking them for stronger action on climate change. She has been a role model for people to fight for climate justice. Millions of youths across the world have shown solidarity to Thunberg in her battle against what she describes as the reckless behaviours of the leaders in the rich countries.

The rising temperature, extreme weather events, the rise of sea level, melting glaciers, dying species, desertification, reduced land productivity, hunger, deaths, migration and displacement are some of the irreversible consequences of climate change. The

त्यस्तै एम्नेस्टी नेपालबाट एम्नेस्टी इन्टरनेसनलको पर्यवेक्षकका रूपमा २०८० मङ्सिर १४ देखि युनाइटेड अरब एमिरेटको दुबईमा आयोजित अन्तर्राष्ट्रिय जलवायु सम्मेलन (COP २८) को दोश्रो सप्ताहको कार्यक्रममा निर्देशक निराजन थपलियाको सहभागिता रह्यो। कूल ८५ हजार जनाले सहभागिता जनाएको भनिएको उक्त सम्मेलनमा सहभागी भएर पक्ष राष्ट्रहरूले अन्तर्राष्ट्रिय सरोकारका विषयहरूमा कसरी सौदाबाजी गर्ने रहेछन्, कस्तो खालको पाओर डाइनामिक्स् हुने रहेछ, नागरिक समाजको पर्यवेक्षकको हैसियतमा उपस्थित भएर कस्तो भूमिका निर्वाह गर्न सकिने रहेछ भन्ने कुराको अनुभव हाँसिल भएको थियो। कोप २८ को अन्तिम सहमति (फाइनल अग्रिमेन्ट)का सवालमा एम्नेस्टीले आफ्नो सरोकार राख्दै जिवाश्म इन्धनको प्रयोगलाई घटाउँदै लगेर क्रमशः नवीकरणीय उर्जाको प्रयोगमा स्थानान्तरण गर्ने भन्ने सहमति सकारात्मक भएपनि मानवअधिकारको संरक्षणका लागि यो अपर्याप्त रहेको एम्नेस्टीको प्रतिक्रिया रहेको थियो। थप जानकारी यहाँ हेर्न सक्नुहुन्छ।



त्यसैगरी फाल्गुन ३ देखि ७ सम्म नेपालमा आयोजना भएको विश्व सामाजिक मञ्च (*ओर्ल्ड सोसल फोरम*) मा युथ इनिसियटिभ नेपाललाई जलवायु न्यायसम्बन्धी कार्यक्रम आयोजना गर्नका लागि एम्नेस्टी नेपालले प्राविधिक सहयोग गरेको थियो।




## श्रमिकअधिकारसम्बन्धी विविध गतिविधिहरू

साउदी अरेबियामा अमेजनका गोदामहरूमा अनुबन्धित नेपाली लगायत अन्य आप्रवासी श्रमिकहरूलाई भर्नाको क्रममा धोखाधडी गरिनुका साथै कार्यस्थलमा पुगेपछि उनीहरूले भोगेका शोषणका सम्बन्धमा एम्नेस्टीले २०८० असोज २३ गते *"डन्ट वरी, इट्स अ ब्रान्च अफ अमेजन"* (चिन्ता नगर्नुहोस्, यो अमेजनको एउटा शाखा हो) नामक प्रतिवेदन सार्वजनिक गरेको थियो। उक्त प्रतिवेदनले, श्रमिकहरूको प्रत्यक्ष गुनासोहरूका बाबजुद, साउदी अरेबियामा अमेजनले अनुबन्धित श्रमिकहरूलाई मानव अधिकार हननबाट कसरी जोगाउन असफल भयो भन्ने तथ्य उजागर गरेको छ। प्रतिवेदनमा सन् २०२१ देखि २०२३ सम्म रियाद र जेद्दास्थित अमेजन गोदाममा काम गरेका नेपालका २२ जना पुरुष श्रमिकहरूको अनुभवमा आधारित जानकारी समावेश छ। यस अनुसन्धानका क्रममा अन्तर्राष्ट्रिय सचिवालयको विज्ञ टोली र एम्नेस्टी नेपालका कर्मचारीले नेपाल फर्केका केही श्रमिकहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित जिल्लामा गएर कुराकानी गरेका थिए। उक्त प्रतिवेदन यहाँ हेर्न सक्नुहुन्छ।




परिणामस्वरूप, प्रतिवेदन सार्वजनिक भएको केही दिनमै साउदी सरकारले यसको छानबिन गर्ने बताएको थियो। एम्नेस्टीको व्यापक समन्वय र अभियानका कारण, यसै वर्ष २०८० फाल्गुन १० गते अमेजनले ७०० भन्दा बढी श्रमिकहरूको भर्ना शुल्क फिर्ता गरेको सार्वजनिक रूपमा पुष्टि गरेको थियो। साथै, श्रमिकहरूको आवास, तेस्रो पक्ष परीक्षण र गुनासो प्रक्रियाहरू सुधार गर्न विभिन्न उपायहरू अपनाएको बताएको थियो। यो श्रमिकहरू र एम्नेस्टीका लागि ठूलो जीत हो।



मिति २०८० श्रावण १२ गते एम्नेस्टी इन्टरनेसनल नेपाल र नेपाल सार्वजनिक सेवा निजामती कर्मचारी संघको संयुक्त आयोजनामा "सार्वजनिक तथा निजी क्षेत्र श्रम बजार, अधिकार, चुनौती र आगामी कार्यदिशा" विषयक छलफल कार्यक्रम आयोजना भएको थियो। उक्त कार्यक्रममा श्रमिकहरूको हितका लागि ट्रेड युनियनको भूमिका, अनौपचारिक क्षेत्रमा श्रम गर्ने श्रमिकहरूको सवाल र उनीहरूको हकअधिकार सुनिश्चित गर्न आईएलओ सन्धि १८९ र १९० को भूमिका, नेपालको निजामती सेवामा महिलाको न्यून सहभागिता तथा नेपाली आप्रवासी श्रमिकहरूले भोगिरहेको चुनौतीहरूबारे गहन छलफल गरिएको थियो।




सडक व्यापारीहरूले मर्यादित रूपमा आफ्नो व्यापार सञ्चालन गरी जीविकोपार्जन गर्ने क्रममा स्थानीय स्तरमा निषेध र असहिष्णुताको सामना गरिरहेको र सरकारले उनीहरूको मानवअधिकार, न्याय र मर्यादाका सवालमा बेवास्ता गरिरहेको सन्दर्भमा एम्नेस्टी नेपाल, महिला एकता समाज, सामुदायिक आत्मनिर्भर केन्द्र र जुरी नेपालको संयुक्त आयोजनामा माघ २६ गते "मर्यादायुक्त सडकः सडक व्यापारीका लागि सामाजिक न्यायको सुनिश्चितता" विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा नागरिक समाज, प्रभावित समुदाय, प्रतिनिधिसभाका सदस्य, मानवअधिकार आयोग र अन्य सरोकारवालाहरूबीच सडक व्यापारीका मुद्दालाई कसरी मानवीय र मानवअधिकारमा आधारित सिद्धान्तमा सम्बोधन गर्न सकिन्छ भन्नेबारे विचार-विमर्श गरी सरकारलाई सुझावहरू दिइएको थियो। कार्यक्रमसम्बन्धी थप जानकारी यहाँ उपलब्ध छ।



काठमाडौं महानगरीय प्रहरीले सडक व्यापारी तथा स्वरोजगार व्यावसायीमाथि फाल्गुन १९ मा गरेको आक्रमण तथा लामो समयदेखि बढ्दो दमन र अत्याचारको सिलसिलाका सन्दर्भमा सर्वसाधारणमाथि भएको ज्यादती र यातानाका विरुद्धमा फाल्गुन १८ गते अभियन्ता र अन्य नागरिक समाज प्रतिनिधिहरूबीच आवश्यक छलफल भई महानगर प्रमुखलाई दबाबस्वरूप एक खुला सार्वजनिक पत्र लेख्ने निर्णय भएको थियो। पत्रको मस्यौदा गर्ने, अंग्रेजीमा अनुवाद गर्ने र संचार माध्यम र महानगरलाई प्रेषण गर्ने जिम्मेवारी एम्नेस्टी नेपालले लिएको थियो।

महानगर प्रमुखलाई प्रेषित गरिएको सार्वजनिक पत्रलाई विभिन्न सञ्चार माध्यमहरूले व्यापक प्रचार प्रसार गरेका थिए।


Open Letter to Kathmandu Mayor Balendra Shah

openletter Open Letter <openletter.nep@gmail.com>

Dear Respected Mayor Balendra Shah,
Kathmandu Metropolitan City

We, the human rights activists, wish to submit this letter with our concern towards torture and degrading treatment being meted out to the street vendors in Kathmandu for your urgent attention. We hope that you will read the letter and take our concerns with due regards. Kindly find the attached herewith the letters in both Nepali and English.

We look forward to hearing from you and shall remain at your disposal for any discussion or meeting on the issues that we raise here.

Sincerely yours,
Group of Human Rights Activists

**काठमाडौंका मेयर बालेन्द्र शाहलाई खुला पत्र**

आदरणीय नगर प्रमुख बालेन्द्र शाहज्यू,

स्वरोजगार गरेर जीविकोपार्जन गर्दै आएका सडकव्यापारी नागरिकहरूविरुद्ध तपाईं नेतृत्वको महानगरपालिकाका अधिकारीहरूबाट शृङ्खलाबद्ध रूपमा हुँदै आएका ज्यादतीका बारेमा हामी तपसिलका मानवअधिकारकर्मीहरूको धारणा संप्रेषण गर्ने यो खुलापत्र लेखेका छौं।

संघीय राजधानी शहर प्रमुख तपाईं सबै भन्दा बढी उदार लोकतान्त्रिक हुनुपर्ने हो तर सरोकारवालाहरूसँग परामर्शका सबै ढोका बन्द गर्दै आएको र आफ्नो कार्यशैली र व्यवहारबाट अलोकतान्त्रिक छवि स्थापित गर्दै लगेको सन्दर्भमा तपाईंसम्म हाम्रो सन्देश पुर्याउन यो खुलापत्रको सहारा लिएका छौं।

गरिबीमा बाँचेका जनताको टेको बन्ने र सबैको सहअस्तित्व स्वीकार गरी समावेशी सहर बनाउने सपना बाँडेर तपाईं चुनावमा होमिएको तथ्य कसैका सामु छिपेको छैन। निर्वाचित भएपछि भने तपाईं नेतृत्वको पालिका सरकार काठमाडौंवासी विपन्न नागरिकहरूप्रति निर्दयी बन्दै आएको छ। खासगरी सडक व्यापारमार्फत गरिबीसँग जुध्दै गरेका जनताको जीवनयापनलाई पीडादायी बनाउने गरी सङ्गठित ढङ्गले लागि परेको छ। राज्यको विशेष संरक्षणको हकदार ती विपन्न जनता (खासगरी महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका र सीमान्तकृत समुदायका व्यक्तिहरू) प्रति निरन्तर क्रूर बन्दै गरेको देखिएको छ। यस्तो अनपेक्षित र अकल्पित स्थितिको साक्षी हुनु पर्दा हामीलाई अत्यन्त दुःख लागेको छ। त्यसो त सडक व्यापारलाई मर्यादित बनाउने सन्दर्भमा देखिएको सङ्घीय सरकारको चरम उदासिनताले पनि हामीलाई पिरोलेको छ।

उक्त खुला पत्रको केही मिडिया कभरेजहरू:

1. Open letter of rights activists to Mayor Shah: 'Abandon the path of dictatorship'- कान्तिपुर समाचार (ekantipur.com)
2. Civil society leaders ask KMC Mayor Balen Shah to apologize to street vendors (xotkari.com)
3. बालेनलाई नागरिक अगुवाको खुलापत्र : सडक व्यापारीसँग माफी माग — Online Khabar
4. बालेनलाई मानवअधिकारकर्मीको खुलापत्र- समावेशी सहर बनाउने सपना बाँडेर चुनाव जित्ने, अनि निर्दयी बन्ने ? (kantipurtv.com)
5. बालेनलाई ३० भन्दाबढी नागरिक अगुवाले पठाए खुलापत्र « प्रशासन (prasashan.com)
6. सडक व्यापारी कुटि*एपछि बालेनलाई खुलापत्र ॥ Nepal Times (youtube.com)
7. ३२ मानव अधिकारकर्मीले लेखे काठमाडौंका मेयर बालेनलाई खुला पत्र (hamropatro.com)
8. मेयर बालेनलाई नागरिक अगुवाको खुलापत्र: सडक व्यापारीसँग माफी माग — Kathmandutoday.com
9. बालेनलाई खुलापत्र - तानाशाही, निरंकुश छवि परित्याग गर्नुस् - बाह्रखरी : Baahrakhari
10. काठमाडौंका मेयर बालेनलाई अधिकारकर्मीको खुलापत्र : श्रम र श्रमिकको सम्मान गर (पत्रसहित) (ekagaj.com)
11. बालेनलाई नागरिक अगुवाको खुलापत्र : सडक व्यापारीसँग माफी माग (shafaqna.com)
12. Civil society leaders ask KMC Mayor Balen Shah to apologize to street vendors - myRepublica - The New York Times Partner, Latest news of Nepal in English, Latest News Articles (nagariknetwork.com)
13. Civil society leaders ask KMC Mayor Balen Shah to apologize to street vendors (htsyndication.com)
14. Balendra Shah treading authoritarian path, say rights activists (kathmandupost.com)

यसैगरी, यसै वर्ष "अर्को विश्व सम्भव छ" भन्ने नाराका साथ नेपालमा आयोजना भएको विश्व सामाजिक मञ्च अन्तर्गत "Xenophobia, Slavery, Modern Trafficking of Migrants" शीर्षकको प्यानल छलफलमा

एम्नेस्टी नेपालका अभियान संयोजक अस्मिता सापकोटा वक्ताको रूपमा सहभागी हुनुहुन्थ्यो। उक्त कार्यक्रममा उहाँले नेपाली आप्रवासी श्रमिकहरूको खाडी राष्ट्रहरू र मलेसियामा श्रम तथा मानवअधिकारको अवस्थाबारे प्रस्तुति दिनुभयो।






प्यानल छलफलमा फोरम एसियाका अध्यक्ष जेराल्ड जोसेफ, साउथ एसिया फर ह्युमन राइट्सका सह-अध्यक्ष डा. रोशमी गोस्वामी र नेटवर्क अफ द इन्डिपेन्डेन्ट कमिसन फर ह्युमन राइट्स इन नर्थ अफ्रिकाका मोहमद मौले लहासन नाजीको सहभागिता थियो।

त्यस्तै, घरेलु श्रमिकहरूको मर्यादित श्रम, न्यायोचित पारिश्रमिक, सुरक्षित कार्यस्थललगायत न्यूनतम मानवअधिकारका सवालहरू सम्बोधन गर्न तथा घरेलु श्रमका लागि वैदेशिक रोजगारीमा जान महिलामाथि रहेको प्रतिबन्ध हटाउन नेपाल सरकारलाई दबाब दिने उद्देश्यले, आइएलओ महासन्धि १८९ अनुमोदनको मागसहित एम्नेस्टी नेपाल र आप्रवासी महिला कामदार समूह (आम्कास नेपाल) ले चैत्र ३० गते प्रतिनिधिसभाका सदस्यहरूको उपस्थितिमा एक राउन्डटेबल छलफल कार्यक्रम आयोजना गरेको थियो। उक्त कार्यक्रममा उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समिति, कानुन न्याय तथा मानवअधिकार समिति र महिला तथा सामाजिक मामिला समितिका सभापतिहरूसहित ३२ जना माननीय सांसदहरूको सहभागिता रहेको थियो र अधिकांशले यो विषय आगामी संसदमा उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। कार्यक्रमसम्बन्धी थप जानकारी यहाँ हेर्न सक्नुहुन्छ।



## जातीय विभेद विरुद्ध भएका गतिविधिहरू

नेपालको संविधान र जातीय भेदभाव र छुवाछुत (कसूर तथा सजाय) ऐन, २०६८ जस्ता अन्य कानुनहरू मार्फत जातीय विभेदलाई वर्जित गरिए पनि देशभरका दलितहरूले निरन्तर रूपमा विभिन्न तहका विभेद, शोषण र उत्पीडनको सामना गरिरहेका छन्। यसले उनीहरूको भूमि र शिक्षामा पहुँच, जीविकोपार्जन, विवाह, मन्दिर वा पूजास्थलमा प्रवेश, सुरक्षा, स्वास्थ्य र नागरिकताको अधिकार जस्ता दैनिक जीवनका हरेक पक्षलाई गम्भीर रूपमा सीमित गरेको छ। एम्नेस्टी नेपालले महिलाविरुद्ध र जातीय आधारमा हुने विभेदसहित कुनै पनि प्रकारको अन्यायविरुद्ध लामो समयदेखि व्यक्ति र समुदायको पक्षमा आवाज उठाउँदै आएको छ।

एम्नेस्टी नेपालले २०७७ साल जेठ १० गते रुकुम (पश्चिम) मा जातीय विभेदका कारण नवराज बिकसहित अन्य युवाहरूको हत्या भएको घटनाउपर स्वतन्त्र र प्रभावकारी अनुसन्धान हुनुपर्ने भन्दै विभिन्न समयमा प्रेस विज्ञप्ति, अनलाइन पेटिसन लगायत गतिविधि गर्दै आएको थियो। यसै वर्ष २०८० मङ्सिर १९ मा यस पाशविक हत्यासम्बन्धी मुद्दामा रुकुम (पश्चिम) जिल्ला अदालतले २६ जनालाई हत्या र जातीय विभेदको कसूरमा दोषी ठहर गरेको थियो। यो फैसला दलित परिवारहरूलाई न्याय र जवाफदेहिता दिलाउने दिशामा एउटा महत्त्वपूर्ण कदम हो र यस सकारात्मक र ऐतिहासिक निर्णयको स्वागत गर्दै एम्नेस्टी इन्टरनेसनलको तर्फबाट मङ्सिर २१ मा "मिडिया कोट" जारी गरिएको थियो।




एम्नेस्टी इन्टरनेसनलले २०८१ वैशाख २८ मा *"कसैलाई मतलब छैन": दलित विरुद्ध वंशमा आधारित विभेद* प्रतिवेदन सार्वजनिक उल्लिखित प्रतिवेदन सार्वजनिक गरेको छ। अजित मिजार ढकाल (तथाकथित "उपल्लो जात"की युवतीसँग उनको परिवारको स्वीकृतिबिना अन्तरजातीय सम्बन्ध राखेका १८ वर्षीय दलित युवा २०७३ असार ३० मा शङ्कास्पद रूपमा मृत फेला परेका थिए) का बुबा हरिभक्त ढकाल मिजार, एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालयका लैङ्गिकता, जातीय न्याय, आप्रवासी तथा शरणार्थी कार्यक्रम निर्देशक फर्नान्डा डोज् कोस्टा र एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीले उक्त प्रतिवेदनलाई सार्वजनिक गर्नुभएको थियो। प्रतिवेदनले नेपालमा दलितहरूले भोगेका प्रणालीगत जातमा आधारित विभेदका अनुभव तथा नेपाली अधिकारीहरूद्वारा भएका कानुनी तथा संरक्षणात्मक उपायहरू अपर्याप्त प्रमाणित भई दलितका मानवअधिकार परिपूर्ति गर्न विफल भएका कारण उनीहरूले न्यायको पहुँचमा भोग्ने गरेका चुनौतीहरूलाई दस्तावेजीकरण गरेको छ।

प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रमका दौरान इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवान, फर्नान्डा कोस्टा र फेमिनिस्ट दलित अर्गनाइजेसन (फेडो) का संस्थापक अध्यक्ष दुर्गा सोबसम्मिलित एउटा प्यानल छलफल कार्यक्रम पनि आयोजना गरिएको थियो। प्रतिवेदन सार्वजनिकीकरण तथा प्यानल छलफल कार्यक्रमको लाइभस्ट्रिमलाई यहाँबाट सुन्न सकिन्छ।



प्रतिवेदन सार्वजनिकीकरणपश्चात दलित अधिकारकर्मी र नश्लवादको समसामियक स्वरूपसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदक (UN Special Rapporteur on Contemporary forms of Racism) मिस अश्विनी के.पी. बीच भर्चुअल बैठक सम्पन्न भएको थियो जसमा मिस अश्विनीले एम्नेस्टीले निकै महत्त्वपूर्ण प्रतिवेदन सार्वजनिक गरेको उल्लेख गर्दै प्रतिवेदनका सिफारिसहरू कार्यान्वयनका लागि आफ्नो कार्यादिश अन्तर्गतको पहुँच र प्रभावलाई प्रयोग गर्ने कोशिस गर्ने र नेपाली नागरिक समाजसँग पनि यस सवालमा मिलेर काम गर्ने प्रतिबद्धता जनाउनुभएको थियो।



# Caste discrimination against Dalits is systemic and widespread: Amnesty International report



Amnesty International report on the age-old discrimination against Dalits was unveiled on Friday.

POST REPORT
KATHMANDU, MAY 11

On July 14, 2016, Ajit Mijar, 18, was found dead in Dhading in suspicious circumstances. The boy belonging to the Dalit community was in a relationship with a girl from the so-called 'upper caste', which her family opposed.

The police recorded his death as suicide and his corpse declared as unidentified as he belonged to Kavrepalanchok, a different district. The body was quickly buried by the authorities without informing the family.

Suspecting foul play, Hari Bhakta, Ajit's father, filed the first information report with the Area Police Office, Gajuri of Dhading on July 17, 2016, claiming the case to be murder. He named three relatives of the girl as suspects. The police, after investigating the incident, lodged a case in the district court. In June 2018, the Dhading District Court acquitted all three accused.

The decision was challenged in a higher court. However, the Patan High Court in April 2022 upheld the lower court's verdict to acquit the accused.

After instructions from the High Court Public Prosecutor's Office, the Office of the Attorney General decided not to appeal the judgement. Unsatisfied with the decision, Ajit's father moved the Supreme Court challenging the decisions of the subordinate courts. Ajit's corpse is lying in a morgue in Tribhuvan University Teaching Hospital as his family is unwilling to perform the funeral rites until justice is served.

"In Nepal, where caste-based discrimination is systemic and widespread, several Dalits like Mijar even lose lives due to the criminal practice," read a research report by Amnesty International unveiled on Friday. "Yet justice is not served."

The report "No One Cares: Descent-Based Discrimination against Dalits" documents the experience of systemic caste-based discrimination in Nepal and the challenges they face in accessing justice.

The report based on focus group discussions with 32 individuals from different sectors and one-on-one meetings with 21 representing Dalit communities from Madhesh, Lumbini and Karnali provinces says that the victims are discouraged to register complaints. And even when cases are lodged, there is no assurance of justice owing to the loopholes in the existing law, as per the report.

It claims that at the time of registering a first information report (FIR), the Dalit victims are required to produce evidence of untouchability practice or the discrimination they faced. In some incidents, the victims are beaten by the police to deter them from filing the cases, states the report.

As per the records at the Attorney General's Office, as many as 52 cases relating to caste-based discrimination were filed in the district courts. Of them, 15 ended in conviction while 12 resulted in acquittal. Similarly, among 42 cases filed in the high courts, only 10 resulted in conviction.

If the claim of Durga Sob, a Dalit rights activist, is anything to go by, less than five percent of cases of caste-based discrimination reach the police.

The reports claim that untouchability has become a norm even if untouchability and caste-based discrimination have been prohibited and criminalised by law.

"Untouchability is an everyday affair in Nepal and the culture of impunity is deeply rooted in the society," said Monica Vinard, a lead researcher of the report. "The role of the police has been seen as a barrier in accessing justice."

Officials at the Amnesty International say there are constitutional as well as legal instruments in place against the caste-based discrimination. However, they have not been rightly implemented.

"The authorities in Nepal are not doing enough to counteract the culture of impunity for human rights violations related to descent-based discrimination in Nepal," said Fernanda Doz Costa, Amnesty International's director for gender and racial justice programme.

"Efforts made by the authorities are still inadequate and insufficient, and they seem to exist only on paper but do not translate into real changes in the lives and the human rights of Dalits, Dalit women and girls in particular."

The organisation pointed out that impunity is rampant for several reasons, including inadequate statute of limitations provisioned in existing laws, lack of representation of Dalits in the justice system and institutional discrimination in the police and lack of effective oversight mechanisms and accountability.

"Dalits do not trust the police and the justice system in general, and the limited government level data and statistics available [the lowly 30-40 cases per year registered under the Caste-based Discrimination and Untouchability (Offence and Punishment) Act] confirm their distrust is well-founded, including for Dalit women confronting caste-based violence," reads the report.

"The inactions or limited actions of Nepali authorities, including failing to hold public officers accountable and closing the trust deficits are reinforcing this culture of impunity and are sending a message to society that caste- and gender-based discrimination and violence are acceptable and natural."

Amnesty International said the Nepali authorities must create a holistic plan for a truly transformative response to uproot the caste- and gender-based violence and discrimination based on human rights obligations and with an intersectional lens.

There is an urgent need to take special measures to improve the situation of Dalit women and girls due to the inter-generational history of oppression and entrenched culture of caste bias, patriarchy and discrimination, it said.

"Nepal must fulfil its obligation to provide effective, timely and meaningful access to justice and reparations for survivors. It must move away from merely paying lip service to the ideals of achieving equality for all but take a concrete human-rights-centric approach to relegating descent-based discrimination to the dustbins of history," said Costa.

# Culture of impunity against discrimination puts Dalits at risk

Bal Krishna Sah
*Kathmandu, May 14*

Authorities in Nepal are failing to protect Dalits, particularly women and girls, from systemic and widespread caste-based discrimination, claims Amnesty International in its new report 'No One Cares: Descent-Based Discrimination against Dalits'.

The Constitution of Nepal guarantees the principles of equality and non-discrimination. Additionally, in 2011, the Caste-Based Discrimination and Untouchability Act was adopted to provide the Dalits in Nepal with the right to equality, to live with human dignity, and to prohibit untouchability and discrimination on grounds of caste.

Despite legal reforms prohibiting caste-based discrimination, AI has talked with victims and documented examples of how every aspect of everyday life in Nepali society is divided and operated on the basis of caste system, where discrimination and violence are pervasive against Dalits. They continue to face multiple barriers to accessing justice and have no recourse to reparations due to institutional discrimination, including in the police. The case of Angira Pasi pending before the high court. In May 2020, the body of Angira Pasi, a 12-year-old Dalit girl, was found hanging from a tree in Rupandehi district.

A 25-year-old non-Dalit man belonging to the so-called 'dominant caste' was accused of raping her. Instead of lodging a police complaint, the locals, including the ward chair, decided that Angira Pasi should marry the accused who raped her because she would otherwise be considered unsuitable for marriage in the future.

However, the mother and aunt of the accused reportedly abused Angira Pasi, saying she belonged to the "low caste" so she would not be allowed into their house. They also beat her up. Two days later, Angira Pasi was found hanging from a tree.

The police initially refused to register a complaint from the victim's family. After pressure from civil society, a complaint was registered and the accused, his mother, and his aunt were detained as suspects in Angira Pasi's case. On 12 September 2021, the Rupandehi District Court convicted the accused of murder and sentenced him to 18 years in prison. However, an appeal against the conviction is pending before the High Court. Ajit Dhakal Mizar's corpse waiting for justice for eight years The corpse of Ajit Dhakal Mijar, an 18-year-old Dalit man, has been lying preserved in a morgue at a hospital in Maharajgunj, for the last eight years as his father fights for justice.

On 14 July 2016, Ajit, who was in an inter-caste relationship with a non-Dalit 'dominant caste' girl, was found dead in suspicious circumstances. Ajit's death was immediately recorded as suicide by the police, and his corpse was declared unidentified. He was quickly buried by the authorities without informing the family.

Ajit's father found certain anomalies relating to the post-mortem report produced by the law enforcement agencies, which raised his suspicion. He requested exhumation of his son's body and refused to perform final rites for him until he got justice. Ajit's father and his lawyer claimed that police showed willful negligence in their failure to effectively investigate Ajit's cause of death.

Ajit's father said the police showed allegiance to the non-Dalit suspects and covered up the actual cause of his son's death. They both claimed that an autopsy or post-mortem of Ajit was not conducted, and a forged post-mortem report was produced as evidence.

They also claimed that if the Supreme Court of Nepal directed a post-mortem it would reveal the facts as to whether Ajit hanged himself or was murdered. Ajit's case, challenging both the lower courts' verdicts, which acquitted the three accused of involvement in his suspicious death, is still pending at the Apex Court. Anita Mahara, a Dalit woman, said that it seems 'no one cares.'

Allegations against the police regarding willful negligence of duty in handling caste-based discrimination prompted Nepal's Parliamentary Committee on Law, Justice and Human Rights to require a Dalit cell in every police station from 2020. This resulted in the creation of 86 Dalit-specific police cells across the country, each tasked with reporting, investigating and coordinating with victims of caste-based discrimination and untouchability. Despite some encouraging legal protections, the state has failed to fulfil its human rights duty to address caste-based discrimination. The specific legislation created for this, namely the CBDU Act, lacks effective implementation and falls short of effectively combating the entrenched system of caste-based discrimination.

"Nepali authorities must create a holistic plan for a truly transformative response to uproot the entrenched caste and gender-based violence and discrimination in Nepal, based on human rights obligations and with an intersectional lens," reads the report. "There is urgent need to take special measures to improve the situation of Dalit women and girls due to the inter-generational history of oppression and the entrenched culture of caste-bias, patriarchy and discrimination."

प्रतिवेदन सार्वजनिकीकरण पश्चात एम्नेस्टी इन्टरनेसनलको प्रतिनिधिमण्डलले नेपाल सरकारका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय भगवती चौधरी, गृह सचिव एक नारायण अर्याल र कानुन सचिव फणिन्द्र गौतमसँग औपचारिक भेट गरी प्रतिवेदनका निष्कर्ष र सिफारिसहरूका बारेमा छलफल गरेको थियो भने एम्नेस्टीको प्रतिनिधिमण्लले बेलायती राजदूत रब फेनसँग पनि भेट गरी प्रतिवेदनका विषयहरूका बारेमा छलफल गरेको थियो।





त्यस्तै, एम्नेस्टी इन्टरनेसनलका महासचिव डा. आग्नेस कालामारले जेष्ठ ८ देखि १२ सम्मको नेपाल भ्रमणका क्रममा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड", नेपाली काँग्रेसका नेता शेर बहादुर देउवा र नेकपा (एमाले) का नेता केपी शर्मा ओलीसँग भेट गर्दै नेपालमा दलित विरुद्ध हुने वंशमा आधारित विभेदसहित प्रमुख मानवअधिकार चासोहरूमा आफ्नो धारणा र मागहरू प्रस्तुत गर्नुभएको थियो।



*रेसियल जस्टिस् प्रोग्रामका* निर्देशक फर्नान्डा डि. कोस्टाले कान्तिपुर टेलिभिजनामा लाइभ अन्तर्वार्ता पनि दिनुभएको थियो। साथै प्रतिवेदनसम्बन्धी केही मिडिय कभरेजहरू :

1) दलितका मानवअधिकार परिपूर्ति गर्न विफल : एम्नेस्टी इन्टरनेसनल — Himal Press
2) विभेद र हिंसाबाट दलितहरूलाई संरक्षण गर्न राज्य विफल : एम्नेस्टी इन्टरनेसनल (kagajpatra.com)
3) दलित समुदायलाई विभेद र हिंसाबाट संरक्षण गर्न राज्य विफल —एम्नेस्टी — देशको आवाज (deshkoaawaj.com)
4) https://nepalitimes.com/news/who-cares
5) https://www.facebook.com/reel/1160686334976148 (Earthnews)
6) https://newsofnepal.com/2024/05/11/643220/
7) https://kathmandupost.com/national/2024/05/11/caste-discrimination-against-dalits-is-systemic-and-widespread-amnesty-international-report
8) https://newsdainik.com/148701/news-from-nepal.html
9) https://hamrokhabar.com/post/43265
10) https://avenues.tv/news/detail/4482/
11) https://www.setopati.com/social/329193
12) https://ujyaaloonline.com/story/101652/2024/5/10/nepal-proved-weak-in-providing-protection-to-dalit

13) https://ekantipur.com/news/2024/05/10/the-state-has-failed-to-protect-dalits-from-discrimination-and-violence-efforts-to-end-discrimination-are-insufficient-39-20.html
14) https://www.makalukhabar.com/2024/05/99977383035/
15) https://www.youtube.com/watch?v=z8bknH_SQ6g
16) https://baahrakhari.com/detail/420352
17) https://radiokantipur.com/national/2024/05/10/1715352510
18) https://www.ratopati.com/story/426004/amnesty-international-
19) https://nepalkhabar.com/politics/200216-2024-5-10-15-29-25
20) No One Cares: Descent-Based Discrimination I Fernanda D Costa I NEWS TALK I Prarambha Dahal - YouTube
21) https://thedmnnews.com/amnesty-international-unveils-report-on-descent-based-discrimination/
22) https://www.tolerance.ca/ArticleExt.aspx?ID=555446&L=en
23) https://reliefweb.int/report/nepal/no-one-cares-descent-based-discrimination-against-dalits

## जबर्जस्ती निष्कासनको घटनाहरूप्रति नागरिक संघ सस्थाहरूको चासो

गरिब र सीमान्तकृत भूमिहीन नागरिकहरूको आवासको लागि कुनै उचित र मर्यादित विकल्पको व्यवस्था नगरी वर्षौंदेखिको उनीहरूको बसोवासमा हठात् डोजर लगाई जबर्जस्ती उठीबास लगाउने कार्य मानवअधिकारका दृष्टिकोणबाट गलत र संविधानको मर्म विपरित रहेको व्यक्त गर्दै २०८१ असार १७ मा नागरिक संघसंस्थाहरूले प्रेस विज्ञप्ति मार्फत चासो व्यक्त गरे।


Press Release

1 July 2024

**No eviction; guarantee right to housing**

Our serious attention has been drawn to the forced evictions of landless people with the use of bulldozers in places where they have been residing for decades. While the right to housing has been guaranteed as a fundamental and legal right on one hand, it appears paradoxical that on the other hand landless and economically marginalized families are being evicted without providing any alternative by the authorities.

Forced evictions of landless citizens are taking place in several parts of the country. In one such case of forced eviction, on 23 June 2024, at Ward No. 1, Hasanpur of Dhangadhi Sub-Metropolitan City, the houses of ten landless families who were staying there since 2002 have been demolished by the Dhangadhi Sub-Metropolitan Office. The sub-metropolitan office itself had provided these families with a paper identifying them as landless and informal settlers.

On 25 June 2024, a similar incident took place at Ward No. 1 and 9 of Bhajani Municipality, Kailali, where the District Forest Office, without even notifying the local government, forcefully bulldozed the settlements of flood-affected people residing there, putting 500 households in a helpless situation.

The forced eviction carried out with the sudden use of bulldozer without making an alternative arrangement for the housing of poor and marginalized landless people is a serious violation of their fundamental rights, including right to livelihood, dignity, safety, food, health, and housing.

The government has failed to reclaim a single dhur of land from those who hold lands above the permitted ceiling. But when it comes to landless people who have been residing in government lands because they do not have any other housing options, their houses are destroyed without providing any alternatives. This should be a matter of shame for the government. This step taken by the government, in such a situation of extreme heatwave and monsoon, ignoring even the basic safety and security and fundamental human rights of citizens who are already in distress, is against human rights principles and international standards.

Article 37 of the Constitution of Nepal has guaranteed the right to housing for every citizen. The Constitution has also guaranteed landless Dalits the right to acquire land under Article 40 (5). The process to resolve the issue of landlessness and informal settlements is also underway through the eighth amendment of the Land Act which provides for the creation of

त्यसैगरी एम्नेस्टी इन्टरनेसनल नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), जुरी नेपाल, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसि) र नेपाल महिला एकता समाज सम्मिलित एक प्रतिनिधिमण्डलले मिति २०८१ असार २८ देखि ३० गतेका बीच कैलाली र कञ्चनपुर जिल्लाका धनगढी उपमहानगरपालिका, भजनी नगरपालिका, गोदावरी नगरपालिका र भिमदत्त नगरपालिका क्षेत्रमा लामो समयदेखि बसोबास गरिरहेका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई उनीहरूको वासस्थानबाट जबर्जस्ती निष्कासन गरिएका घटनाहरू, थप निष्कासनको त्रासको विद्यमानता र उठीबासबाट पीडित नागरिकहरूको अवस्थाको बारेमा स्थलगत अनुगमन गरेको थियो। अनुगमनका क्रममा स्थानीय सरकारका अधिकारीहरू, वन कार्यालयका अधिकारीहरू, स्थानीय अधिकारकर्मीहरू, मानवअधिकार आयोग, राजनीतिक दलका प्रतिनिधि, पत्रकार, पीडित समुदाय लगायतका विभिन्न सरोकारवाला पक्षहरूसँग भेटघाट, छलफल र विमर्शहरू गरी

पीडितहरूको अवस्था तथा उठीबासको प्रभाव लगायतका विषयमा तथ्यहरू सङ्कलन गरिएको थियो। अनुगमनको अन्त्यमा पत्रकार सम्मेलन गरी अनुगमनको निष्कर्ष र सुझावहरूलाई सार्वजनिक गरिएको थियो। थप जानकारी यहाँ रहेको छ।

1) Karobar Daily: 'भूमिहीनका घरटहरा भत्काउँदा मौलिक हक हनन्: अधिकारकर्मी https://www.karobardaily.com/news/262070
2) Himal Khabar: 'सुकुम्बासीको उठिबास लगाउनु फौजदारी कसूर https://www.himalkhabar.com/news/142309
3) The Himalayan Times: More than 100 evicted families rendered homeless
4) https://thehimalayantimes.com/kathmandu/more-than-100-evicted-families-rendered-homeless
5) Nishana News: राज्यले गम्भीर मानव अधिकार हनन् गर्यो https://nishananews.com/news/51965
6) Himal Khabar: सुकुमबासी बस्तीमा डोजर लगाउने कार्यको १० संस्थाद्वारा विरोध https://www.himalkhabar.com/news/142169
7) सुकुमबासीका लागि विकल्पबिना उठिबास स्वीकार्य छैन https://nayasandesh.com/archives/43137
8) Preliminary findings of joint monitoring of forced evictions expose dire conditions of victims - The DMN News | Breaking News, Live Updates, Analysis from Nepal The DMN News | Breaking News, Live Updates, Analysis from Nepal

देशभरीका अव्यवस्थित बसोबासी र भूमिहीन सुकुम्बासीहरूलाई जबर्जस्ती निष्कासन गर्ने अभ्यासको बारेमा वस्तुगत अध्ययन गरी सिफारिससहितको प्रतिवेदन यसै वर्षको अन्त्यसम्ममा तयार गर्ने लक्ष्यका साथ दक्षिण एसिया क्षेत्रीय कार्यालयको सल्लाहबमोजिम राजुप्रसाद चापागाईंलाई परामर्शदाताको रूपमा प्रयोग गर्नेगरी सम्झौता गरिएको छ।



## सुकुम्बासी र अव्यवस्थित बसोवासीहरूलाई जबरजस्ती हटाएर मावन अधिकारको उल्लघन

AMNESTY INTERNATIONAL

काठमाडौं/हिटा। एम्नेष्टी इन्टरनेसनल नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), जुरी नेपाल, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) र नेपाल महिला एकता समाजको संयुक्त अनुगमन टोलीले कैलाली र कञ्चनपुर जिल्लाका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरूको बसोवास गरेको ठाउँबाट जबरजस्ती हटाएर मावन अधिकारको उल्लघन गरेका जनाएको छ। निष्काशन गरिएको घटनाको अनुगमनको प्रारम्भिक निष्कर्ष ०८१ असार ३० गते धनगढीमा पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको हो।

कैलालीको धनगढी उपमहानगरपालिका, भजनी नगरपालिका, गोदावरी नगरपालिका र कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका क्षेत्रमा लामो समयदेखि बसोवास गरिरहेका भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूलाई उनीहरूको बासस्थानबाट जबरजस्ती निष्काशन गरिएको घटना, यस निष्काशनको त्रास र उठिबासबाट पीडित नागरिकहरूको अवस्थाको बारेमा अनुगमन समूहले ०८१ असार २८ गतेदेखि असार ३० गतेसम्म स्थलगत अनुगमन गरेको थियो।

सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई बासस्थानबाट जबरजस्ती हटाएर मावन अधिकारको व्यापक उल्लघन भएको अनुगमनका क्रममा पाइएको र सुकुम्वासीका लागि विकल्प विना उठिबास स्वीकार्य नहुने भएकाले नागरिक संस्थाहरूको संयुक्त अनुगमनको प्रारम्भिक निष्कर्ष सार्वजनिक गरिएको अनुगमन टोलीका प्रतिनिधि तथा स्वतन्त्र विज्ञ राजुप्रसाद चापागाईंले बताउनुभयो।

एम्नेष्टी इन्टरनेसनलका प्रतिनिधि तथा अनुगमन टोलीका सदस्य निराजन थपलियाले विकल्पबिना नागरिकलाई थातथलोबाट घरबारविहीन बनाउने कार्यले मानव अधिकारको उल्लघन भएकोले राज्यका तीनै तहलाई अनुगमन प्रतिवेदन बुझाएर पीडितहरूको पक्षमा काम गर्न दबाव दिने बताउनुभयो।

वर्षाका लागि जेनतेन जोहो गरी राखेको खाद्यान्न, लत्ताकपडा, स्कूले बालबालिकाको पुस्तक, पोशाक, झोला, बिरामी अशक्तहरूको औषधि, कानुनी पहिचान खुलाउने महत्वपूर्ण दस्तावेजहरू समेत सुरक्षित गर्ने अवसर प्रदान नगरी घरटहरा नष्ट गरिएको अनुगमनका क्रममा पाइएको अनुगमन टोलीका सदस्य कृष्णबहादुर विश्वकर्माले बताउनुभयो।

धनगढी उपमहानगरपालिकाले निष्काशन गरेपश्चात पनि आवासको अन्य विकल्प नभएर त्यसै ठाउँमा पाल टाँगी आश्रय लिँदै आएका नागरिकहरूलाई पटक-पटक नगर प्रहरी आएर त्यो ठाउँ छाड्ने धम्की दिने गरेको र उनीहरू गम्भीर मानसिक त्रास र जीवन निर्वाहको चरम संकटमा रहेको पाइएको प्रतिवेदनमा उल्लेख छ।



## २. नेपालमा सत्य, न्याय तथा परिपूरणको अधिकारसम्बन्धी अभियान

सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐनको संशोधन गर्ने विधेयकमा छलफल गरी राय प्रतिवेदन पेश गर्न प्रतिनिधि सभाको कानुन, न्याय तथा मानवअधिकार समितिले गएको वर्ष २०८० जेष्ठ ५ गते ११ सदस्यीय उपसमिति गठन गरेसंगै नागरिक समाज, द्वन्द्वपीडित समुदाय, र सञ्चार माध्यममा यस विषयमा चासो र छलफल उल्लेखनीय रूपमा यो वर्ष पनि बढेको थियो। यस अन्तर्गत आयोजना भएका विभिन्न कार्यक्रम र बैठकहरूमा एम्नेस्टी नेपालले द्वन्द्वपीडित समुदायसँग समन्वय गर्दै अभियानात्मक गतिविधिहरू सञ्चालन गरेको थियो।

यस आर्थिक वर्षको अन्त्यमा सङ्क्रमणकालीन न्यायसम्बन्धी नयाँ कानुन पनि पारित भयो, तर धेरै पीडित समुदायले यस कानुनलाई पीडितमैत्री नभएको भन्दै असन्तुष्टि व्यक्त गरे।

### नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गोमा पुर्‍याउनका लागि आयोजना भएका विभिन्न दबाबमूलक गतिविधिहरूमा एम्नेस्टीको योगदान र सहयोग

संसदमा विचाराधीन सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन संशोधन विधेयकका त्रुटिपूर्ण प्रावधानहरू सच्याउन र विधेयकलाई यथाशीघ्र पारित गर्न दबाब दिनका लागि २०८० श्रावण १७ गते एम्नेस्टी नेपाल सचिवालयबाट अभियन्ताहरूलाई एक याक्सन सर्कुलर पठाइएको थियो। सर्कुलरमा काठमाडौं र प्रदेश राजधानीहरूमा श्रावण १९ गते धर्ना कार्यक्रमको आयोजना गर्न, संसदीय उपसमितिका सांसदहरूलाई एसएमएस पठाउन, कानुन संशोधनसम्बन्धी एम्नेस्टी नेपालले तयार गरेको भिडियो सामाजिक सञ्जालमा सेयर गर्न र द्वन्द्वपीडितहरूको समन्वयमा प्रदेश र जिल्लास्थित अधिकारीहरूलाई "चार महले दस्तावेज" बुझाउन आग्रह गरिएको थियो। उक्त भिडियो संक्रमणकालीन न्याससम्बन्धी ऐन संशोधनको पछिल्लो विकासक्रमलाई मध्यनजर गर्दै विज्ञ र द्वन्द्व पीडितहरूको सुझावलाई समेटर चार वटा सन्देशमूलक भिडियो तयार पारी सार्वजनिक प्लेटफर्महरूमा सेयर गरेको जसमा मानवअधिकारकर्मी चरण प्रसाई र मन्दिरा शर्मा तथा द्वन्द्व पीडितहरू सुमन अधिकारी र गिता रसाइलीका विचार/सुझावहरू समावेश गरिएको थियो। उक्त भिडियोहरूलाई तलको लिंकमा हेर्न सकिन्छ :

१) गिता रसाइली https://www.facebook.com/amnestynepal/videos/188144667429764

२) मन्दिरा शर्मा https://www.facebook.com/amnestynepal/videos/241739262149439

३) सुमन अधिकारी https://www.facebook.com/amnestynepal/videos/971639307442534

४) चरण प्रसाई https://www.facebook.com/amnestynepal/videos/966682664406084

साथै काठमाडौं उपत्यकामा श्रावण १९ गते आयोजना भएको धर्ना कार्यक्रमको एम्नेस्टी नेपालले संयोजन गरेको थियो जसमा द्वन्द्वपीडित, नागरिक समाज प्रतिनिधिहरू, एम्नेस्टी नेपालका अभियन्ताहरू, अन्य मानवअधिकारकर्मीहरू, पत्रकार लगायतको व्यापक सहभागिता रहेको थियो। यस कार्यक्रमका लागि ब्यानर डिजाइन र निमन्त्रणना कार्ड बनाउने, सहभागिताका लागि फोन तथा *एसएमएस* गर्ने, प्रेस विज्ञप्तिलाई अंग्रेजी भाषामा उल्था गर्ने, नाराहरू बनाउने तथा *प्रिन्ट* गर्ने, *साउन्ड सिस्टमको* प्रबन्ध गर्ने लगायतका व्यवस्थापकीय कार्यहरू एम्नेस्टी नेपालले गरेको थियो। ।





सर्वोच्च अदालतले २०८० माघ १५ मा सिफारिस समिति गठन गरी यान्त्रिक प्रक्रियाबाट सङ्क्रमणकालीन आयोगहरू गठन गर्न आदेश दिएको थियो। तर, द्वन्द्वपीडित संघसंस्थाहरू र नागरिक समाजले यसले नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियामा अवरोध र ढिलाइ हुने भन्दै, विचाराधीन विधेयकलाई संसदबाट टुंगो लगाएर मात्र आयोग गठन प्रक्रिया अघि बढाउन खबरदारी गरेका थिए। यसका लागि कानुन मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र राजनीतिक दलका शीर्ष नेताहरूलाई दबाब दिन सात पृष्ठ लामो पत्र तयार गरिएको थियो, जसको मस्यौदा तयार गर्न एम्नेस्टी नेपालले सहयोग गरेको थियो। उक्त पत्र चैत्र १९ गते तत्कालीन महान्यायाधिवक्ता दिनमणी पोखेल, कानुनमन्त्री पदम गिरी र कानुन सचिव फणिन्द्र गौतमलाई उहाँहरूको कार्यकक्षमा भेटी हस्तान्तरण गरिएको थियो।





त्यस्तै २०८० चैत्र २८ गते बबरमहलस्थित नेपाल कला परिषद्अगाडि द्वन्द्वपीडित समुदायले आयोजना गरेको धर्ना कार्यक्रममा एम्नेस्टी नेपालले आवश्यकताअनुसारको सहयोग गरेको थियो।




## अन्तर्राष्ट्रिय बेपत्ता दिवसको अवसरमा दीप प्रज्वलन लगायतका गतिविधिहरू आयोजना गर्नमा सहयोग



बेपत्ता पारिएका पीडितहरूको अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा द्वन्द्व पीडित समुदाय र नागरिक सङ्घ संस्थाहरूद्वारा २०८० भाद्र १३ गते बलपूर्वक बेपत्ता पारिएका पीडितहरूको सम्झनामा पीडित परिवारहरूको सत्य, न्याय र परिपूरणको अधिकार स्थापित गर्नका लागि नयाँ बानेश्वर स्थित एभरेष्ट होटल अगाडि दीप प्रज्वलन कार्यक्रम आयोजना गरिएको थियो। यस कार्यक्रम आयोजना गर्नका लागि एम्नेस्टी नेपालले विगतका ब्यानर तयार गर्ने, पत्रकार र अन्य अभियन्ताहरूलाई इमेल प्रेसित गर्ने, एसएमएस र फोनमार्फत अनुवर्ती कार्यहरू गर्ने, एभेरेस्ट होटल अघि टेन्टिङ्ग, साउन्ड सिस्टम, मैनबत्तीको व्यवस्था गर्ने लगायतका विभिन्न समन्वयात्मक र सहयोगात्मक गतिविधिहरू गरेको थियो। कार्यक्रममा उल्लेख्य जनमानसको उपस्थिति रहेको थियो जसमा नागरिक सङ्घ संस्थाको तर्फबाट एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीले संबोधन गर्नुभएको थियो भने चरण प्रसाई, रामकुमार भण्डारी र एकराज भण्डारीले पनि मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा संयुक्त राष्ट्रसङ्घका आवासीय प्रतिनिधि हाना सिंगरको समेत उपस्थिति रहेको थियो।

त्यस्तै एम्नेस्टी नेपालले यस दिवसका सन्दर्भमा आफ्ना सदस्यहरूलाई याक्सन सर्कुलर पठाई स्थानीय स्थानीय स्तरमा गतिविधिहरू आयोजना गर्न अनुरोध गरेको थियो।

## विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष पुगेको सन्दर्भमा संवाद कार्यक्रम

विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको मंसिर ५ मा १७ वर्ष पूरा भयो तर सशस्त्र द्वन्द्वका पीडितहरूले अझैसम्म पनि सत्य, न्याय र परिपूरणको अधिकार उपभोग गर्न पाएका छैनन्। यसै सन्दर्भमा एम्नेस्टी इन्टरनेसनल नेपाल र जुरी नेपालको सहआयोजनामा मंसिर १३ गते **सङ्क्रमणकालीन न्यायका १७ वर्ष: निकास कहिले?** शीर्षकमा सरोकारवालासँग संवाद कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका उपसचिव अच्युत काफ्ले, पत्रकार, नागरिक सङ्घ संस्थाका प्रतिनिधि, द्वन्द्वपीडित र पत्रकारहरूको सहभागिता रहेको थियो। अधिकारकर्मी तथा अधिवक्ता राजु प्रसाद चापागाईंको प्रस्तुतीपछि पीडित अधिकारकर्मी सुमन अधिकारीले सङ्क्रमणकालीन न्याय प्राप्तिमा पीडितहरूको जारी सङ्घर्षका साथै समसायिक विश्लेषण राख्नुभएको थियो। साथै संसदको उपसमितिमा विचारधीन रहेको संशोधन विधेयकमा छलफलका क्रममा रहेका विषयरूलाई सर्वोच्च अदालतको फैसलाअनुकूल हुनेगरी संशोधन गर्न दबाब दिने सवालमा विभिन्न कोणबाट छलफलहरू भएका थिए। कार्यक्रम सम्बन्धी थप विवरण यहाँ रहेको छ।




## मुक्तिनाथ अधिकारी हत्याको २२ औं स्मृति कार्यक्रम सम्पन्न

द्वन्द्वकालमा माओवादी कार्यकर्ताद्वारा बर्बरतापूर्वक हत्या गरिएका लमजुङका तत्कालीन समूह ७९ का संयोजक तथा शिक्षक मुक्तिनाथ अधिकारीको २२ औं सम्मान र स्मृति कार्यक्रम मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठानसँगको सहकार्यमा मिति २०८० माघ ३ गतेका दिन आयोजना गरिएको थियो। करिब १७० जनाको उपस्थितिमा भएको उक्त कार्यक्रममा प्रतिनिधि सभाका सदस्य माननीय  जीवन परियार, मा. रन्जु कुमारी झा, मा. मैना कार्की, पूर्व कानुनमन्त्री तथा नेकपा एमालेका स्थायी समित सदस्य अग्नी खरेल, राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारी खरेल लगायतले आफ्नो मन्तव्य राख्नुभएको थियो। थप जानकारी यहाँ रहेको छ।





देश

मुक्तिनाथ अधिकारी हत्याको २२ वर्ष

## द्वन्द्वप्रभावित सरोकार केन्द्र दाङद्वारा आयोजित स्मृति कार्यक्रममा ऐक्यबद्धता र सहयोग

दाङ घोराहीका अर्जुन चौधरी, इन्द्र बहादुर चौधरी र विजय चौधरीलाई २०६१ साल चैत्र २५ गते सुरक्षा निकायले घरबाट गिरफ्तार गरी निर्मम यातना दिएर हत्या गरिएको घटनाको १९ औं स्मृति सभा आयोजना गर्नका लागि द्वन्द्वप्रभावित सरोकार केन्द्र दाङलाई एम्नेस्टी नेपालले आवश्यक सहयोग प्रदान गरेको थियो। मिति २०८० चैत्र २५ गते आयोजित उक्त स्मृति कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारी खरेल, द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारी, उपाध्यक्ष कल्याण बुढाथोकी, सांसद मैना कार्की, नागरिक समाजका अगुवा तथा वरिष्ठ मानवअधिकारकर्मी चरण प्रसाईं, संविधान सभा सदस्य एकराज भण्डारीलगायत व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा एम्नेस्टी नेपालका अध्यक्ष विपिन बुढाथोकीले पीडितको सत्य, न्याय, र परिपूरणको अधिकारप्रति ऐक्यबद्धता जनाउँदै मन्तव्य राखुभएको थियो।



## ३. नेपालमा नागरिक तथा राजनीतिक अधिकारको प्रवर्धनसम्बन्धी अभियान

यस अभियान अन्तर्गत एम्नेस्टी नेपालले नागरिकहरूको संविधानमा सुनिश्चित अधिकारहरू जस्तै नागरिकताको अधिकार, न्यायमा पहुँच, अभिव्यक्ति स्वतन्त्रता, संघसंगठन खोल्ने अधिकार र शान्तिपूर्ण भेला हुन पाउने अधिकार सुनिश्चित गर्न र संकुचित हुँदै गएको नागरिक स्थानलाई पुनः प्राप्त गर्ने तर्फ विभिन्न अभियानात्मक गतिविधिहरू सञ्चालन गर्दै आएको छ। यस वर्ष पनि एम्नेस्टी नेपालले फौजदारी न्याय प्रणालीमा सुधारका लागि प्रयास जारी राख्यो।

### विरोध गर्न पाउने अधिकारको संरक्षण र प्रवर्धन

एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालयले सन् २०२२ देखि संचालन गर्दै आएको *"प्रोटेक्ट द प्रोटेस्ट"* विश्वव्यापी अभियानमा एम्नेस्टी नेपालले पनि योगदान पुऱ्याउँदै आएको छ। यस अभियानको मुख्य उद्देश्य नागरिकले शान्तिपूर्ण क्रियाकलापमा भाग लिन पाउने र सुरक्षित रूपमा आफ्नो आवाज उठाउन सक्ने सुनिश्चितता प्रदान गर्नु हो। यस अभियानको मर्म अनुसार, अधिकार हनन तथा सार्वजनिक सरोकारका विषयमा असहमति जनाउन र जवाफदेहिताको खोजी गर्न युवाहरूको भूमिका थप सशक्त बनाउन प्रेरित गर्ने उद्देश्यले, अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा एम्नेस्टी इन्टरनेसनल नेपालले *"बिल्डिङ पर्स्पेक्टिभ्सः एक्स्प्लोरिङ द राइट टु प्रोटेस्ट अक्रस जेनेरेसन्स"* शीर्षकमा २०८० श्रावण ३२ मा एक प्यानल छलफल कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा प्रतिनिधि सभाका सदस्यद्वय माननीय गगन कुमार थापा र ठाकुर गैह्रे, वरिष्ठ पत्रकार युवराज घिमिरे, एकीकृत समाजवादीकी नेतृ रामकुमारी झाँक्री र युवा अभियन्ताद्वय प्रणेता र सुविन मुल्मी वक्ताका रूपमा रहनुभएको थियो। थप जानकारी यहाँ रहेको छ।




यस विश्वव्यापी अभियानलाई थप सशक्त बनाउन एम्नेस्टी नेपालले यस वर्षदेखि नेपालमा विरोध प्रदर्शन अनुगमन कार्यक्रम सुरू गरेको छ। यस कार्यक्रमको मुख्य उद्देश्य एम्नेस्टीको अभियान र अनुसन्धानलाई संयोजन गर्दै विरोध प्रदर्शनका क्रममा हुन सक्ने सम्भावित मानवअधिकार उल्लंघनको अनुगमन तथा रिपोर्टिङ गर्नु हो। साथै, अन्तर्राष्ट्रिय मापदण्डहरूको पालनालाई सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। यस कार्यक्रमका लागि आवश्यक बाग्मती र मधेश प्रदेशका केही एम्नेस्टी अभियन्ताहरूलाई एम्नेस्टी इन्टरनेसनलको दक्षिण एसिया कार्यालयको सहयोगमा २०८० पौष ११ देखि १३ सम्म धुलिखेलमा

आवासीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा शान्तिपूर्ण भेला हुन पाउने अधिकार, त्यसको सीमा, विरोधकर्ताहरूको अधिकार र जिम्मेवारी, सुरक्षा निकायहरूको भूमिका, बलप्रयोगका सिद्धान्तहरू, अनुगमनका क्रममा ध्यान दिनुपर्ने पक्षहरू, जोखिम मूल्याङ्कन तथा न्यूनिकरण विधिहरू, रिपोर्टिङ प्रक्रिया, सेफगार्डिङ नीतिहरू र एम्नेस्टी नेपालको विरोध अनुगमन कार्ययोजनाबारे जानकारी प्रदान गरिएको थियो। प्रशिक्षित अभियन्ताहरूले विरोध प्रदर्शनका बेला अनुगमन र रिपोर्टिङमा सक्रिय भूमिका निर्वाह गर्ने अपेक्षा राखिएको थियो।




त्यस्तै, संकुचित हुँदै गएको विरोध प्रदर्शनको अधिकारलाई उजागर गर्दै अभियान संयोजक अस्मिता सापकोटा र मिडिया संयोजक मरिसा लिजा टेलरको *द काठमाडौं पोस्टमा* २०८० पौष २१ मा लेख प्रकाशित भएको थिए। उक्त लेखमा, नेपालसहित विश्वभरका विभिन्न देशहरूमा शासकहरूले नागरिक थलोलाई संकुचित बनाइरहेको सन्दर्भमा विरोध प्रदर्शन गर्ने अधिकारमा देखिएको गम्भीर क्षयीकरण र त्यस्तो गर्न नहुने राज्यको दायित्वबारे विश्लेषण गरिएको थियो। पूरा लेख यस लिंकमा पढ्न सक्नुहुन्छ।





Right to protest under threat

## न्यायको सुनिश्चितताका लागि रोम विधान अनुमोदन र फौजदारी अनुसन्धान प्रणालीमा सुधारको आह्वान

एम्नेस्टी इन्टरनेसनलले सन् १९९५ देखि नै मानवताविरुद्धका अपराध, युद्ध अपराध, र जातिहत्याजस्ता अन्तर्राष्ट्रिय अपराधका दोषीहरूलाई न्यायको कठघरामा ल्याउनुपर्ने र यदि कुनै देशका राष्ट्रिय न्यायिक निकायहरूले कारबाही गर्न नसकेमा वा गर्न नचाहेमा, तिनलाई कारबाही गर्न सक्षम अन्तर्राष्ट्रिय अदालतको स्थापना हुनुपर्ने माग गर्दै विश्वव्यापी अभियान सुरु गरेको थियो। यस अभियानको परिणामस्वरूप अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना भएको हो।

नेपालमा पनि विभिन्न कालखण्डमा जघन्य अपराधहरू भएका छन्, जस्तै दश वर्षे सशस्त्र द्वन्द्व, मधेश आन्दोलनका क्रममा भएका गम्भीर मानवअधिकार उल्लङ्घन र ज्यादतीहरू। यी घटनामा संलग्न संदिग्धहरूमाथि अनुसन्धान र कारबाही चुनौतीपूर्ण रहेको छ। दण्डहीनताको अवस्था व्यापक रहेकोले पीडितहरू न्यायको खोजीमा निरन्तर संघर्षरत छन्।



**Govt urged to ratify Rome Statute**

Himalayan News Service
Kathmandu, July 20

Rights activists have urged the government to ratify Rome Statute which they believe will prevent recurrence of crimes against humanity, war crimes and other serious human rights violations.

Director of Advocacy Forum Bikas Basnet said it was ironical that Nepal, despite being a member of UN Human Rights Council, had not signed the Rome Statute. "Although Nepal expresses commitment at international fora to human rights, it does not translate its commitment into practice," Basnet said and added that ratification of Rome Statute would help the country stop the recurrence of crimes against humanity and war crimes, including recruitment of child soldiers.

Spokesperson for the National Human Rights Commission Shyam Babu Kafle said the Parliament passed a stricture 17 years ago urging the government to ratify Rome Statute, yet the government had not. He said the government needed to ratify the convention and make domestic laws compatible with the convention or else anybody accused of serious human rights violation could face the risk of arrest in other countries under universal jurisdiction, a doctrine recognised by the Rome Statute. Kafle also cited the case of Nepal Army Colonel Kumar Lama's arrest in the United Kingdom in 2013 under universal jurisdiction.

Director of Amnesty International, Nepal, Nirajan Thapaliya said lack of will power in the political leadership was the main reason behind non-ratification of Rome Statute. Thapa said some leaders were afraid that if the country ratified the Rome Statute, they could be arrested in foreign countries for conflict-era human rights violation cases and could be tried under the Rome Statute at the International Criminal Court in the Hague.

The ICC investigates and, where warranted, tries individuals charged with the gravest crimes of concern to the international community: genocide, war crimes, crimes against humanity and the crime of aggression. Kafle said Rome Statute will apply only after Nepal ratifies it and the convention does not have retroactive effect.

On July 17, the National Human Rights Commission had issued a press release urging the government to ratify Rome Statute saying that the international convention was a significant instrument which ensured justice for victims of rights violation and it made human rights violators responsible for their actions. The NHRC said that non-compliance with the Supreme Court order to the government to make humanitarian law and non-compliance of parliamentary stricture passed on 19 July 2006 gave rise to impunity.






हालसम्म विश्वका १२४ राष्ट्रले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गरिसकेका छन्, तर नेपालले भने यसलाई अझै अनुमोदन गरेको छैन। अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अवलम्बन गरिएको दिन १७ जुलाईमा मनाइने अन्तर्राष्ट्रिय न्याय दिवसको सन्दर्भमा एम्नेस्टी नेपालले नेपाल सरकारलाई रोम विधान अनुमोदन गर्न पुनः आग्रह गरेको थियो साथै देशभर रहेका एम्नेस्टी अभियन्ताहरूलाई एक्सन सर्कुलर पठाई देशमा प्रचलित दण्डहीनताको संस्कृतिको अन्त्य र भविष्यमा नरसंहार, मानवता विरुद्धको अपराध तथा युद्ध अपराधका घटनाहरूमा निरूत्साहन हुने वातावरण तयार गर्न स्थानीय स्तरमा गतिविधिहरू आयोजना गर्न अनुरोध गरिएको थियो। नेपाल युथ नेटवर्क काठमाडौंले न्याय दिवसको पूर्वसन्ध्यामा रोम विधान अनुमोदनसम्बन्धी एक वेबिनार कार्यक्रम आयोजना गरेको थियो। उक्त कार्यक्रममा नेपाल युथ नेटवर्कका युवा सदस्यहरूका साथै कानुन विषय अध्ययनरत अन्य युथ नेटवर्कका युवा सदस्यहरू तथा नेपाल ल क्याम्पसका विद्यार्थीहरूको पनि उपस्थिति रहेको थियो। कार्यक्रममा एम्नेस्टी नेपालका मानवअधिकार शिक्षा संयोजक कुन्दन राज शर्माले रोम बिधानका प्रावधानहरू संक्षेपमा राख्दै नेपालले रोम बिधान अनुमोदन गर्नुका फाइदाहरू र रोम बिधान अनुमोदन हुने तर्फका मौजुदा चुनौतीहरूका विषयमा एक प्रस्तुती दिनुभयो। त्यस्तै समूह ८२ पोखराले जिल्ला प्रशासन कार्यालयमा रोम विधान अनुमोदन गर्न ज्ञापन पत्र बुझाएको थियो भने लमजुङ स्थित कृषि क्याम्पस युथ नेटवर्कका सदस्यहरूले फोटो स्टन्ट गरेका थिए।




नेपालमा द्वन्द्व अन्त्य भएको १७ वर्ष बितिसक्दा पनि, यातनालाई मुलुकी अपराध संहिता, २०७४ ले अपराधको रूपमा परिभाषित गरेको भए तापनि न्यायिक सुनुवाइपूर्व दोष स्वीकार गराउन यातना दिने र अन्य दुर्व्यवहार गर्ने प्रथा अझै व्याप्त छ। यसै सन्दर्भमा, एम्नेस्टी नेपालले नेपालको फौजदारी न्याय प्रणालीमा रहेका समस्याहरू, विशेषगरी प्रहरी हिरासतमा यातनाका कारण हुने मृत्युका घटनाहरूलाई उजागर गर्दै समाधानका लागि निरन्तर आह्वान गर्दै आएको छ।

यस वर्ष पनि *राइट फर राइट्स* अभियान अन्तर्गत, नेपालका विभिन्न स्थानबाट एम्नेस्टी अभियन्ताहरूले करिव ३२,००० पिटिसन संकलन गरी नेपालका प्रधानमन्त्रीलाई हिरासतमा हुने मृत्युका घटनाहरूको निष्पक्ष, स्वतन्त्र, र प्रभावकारी छानबिन गर्न र दोषीलाई जवाफदेही बनाउन दबाब दिने प्रयास गरेका छन्।

साथै, राज्यका अधिकारीले हिरासतमा यातना दिने अभ्यासको सवालमा एड्भोकेसी फोरम र एम्नेस्टीले संयुक्त रूपमा अध्ययन गरिरहेका छन् र सन् २०२५ सम्ममा अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्ने योजना बनाइएको छ। यातनापीडितहरूको सहायतार्थ अन्तर्राष्ट्रिय दिवसका सन्दर्भमा दुई संस्थाद्वारा हिरासतमा हुने यातना र अन्य दुर्व्यवहार अन्त्य गर्ने वाचा

पूरा गर्न सरकारलाई आग्रह गर्दै संयुक्त सार्वजिनक वक्तव्य जारी गरिएको थियो। उक्त वक्तव्यलाई करिब एक दर्जन सञ्चार माध्यमहरूले स्पेस दिएका थिए।







## समान नागरिकता र लैङ्गिकता विषयमा छलफल कार्यक्रमको आयोजना

कुनै पनि राज्य वा राष्ट्रमा बसोबास गर्ने बालिग व्यक्तिलाई प्रदान गरिने नागरिकताको प्रमाणपत्रले व्यक्तिको राज्यसँगको सम्बन्ध मात्र होइन, राज्यबाट प्राप्त हुने राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, र कानुनी हक अधिकार र दायित्वहरू पनि निर्धारण गर्दछ। नेपालको संविधानमा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने अधिकारबाट वञ्चित गरिने छैन भनी अविभेदको अधिकारलाई प्रत्याभूत गरिएको छ। यद्यपि संविधान र विभिन्न समयमा यसमा भएका संशोधनहरूले महिला लगायत अन्य सीमान्तकृत समुदायका व्यक्तिहरूलाई नागरिकताको समान अधिकार पूर्ण रूपमा सुनिश्चित गरेका छैनन्। पछिल्लो पटक २०८० जेठमा राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता (पहिलो संशोधन) विधेयक प्रमाणीकरण गरे तापनि यस ऐनले महिलाको स्वतन्त्र अस्तित्वलाई मान्यता दिएको छैन र संविधान अझै लैङ्गिक विभेदयुक्त रहेको छ। विशेष गरी गरिबीमा रहेका, बाबुको पहिचान नभएका, यौनिक तथा लैङ्गिक हिंसाबाट पीडित र अन्य सीमान्तकृत समुदायका व्यक्तिहरू व्यवहारिक रूपमा अझै पनि नागरिकताको समान अधिकारबाट वञ्चित छन्।

यसै सवालमा एम्नेस्टी इन्टरनेसनल नेपाल, महिला, कानुन र विकास मञ्च तथा महिला पुनर्स्थापना केन्द्र (ओरेक)को संयुक्त आयोजनामा २०८० श्रावण १४ मा “Statelessness: Consequences of GBV: Barrier for SDG Goal 5” शीर्षकको एक अन्तर्क्रियात्मक छलफल कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा महिला पुनर्स्थापना केन्द्रले नागरिकताका सवालमा १३ जिल्लाका नागरिकता प्रमाणपत्रविहीन १३६ व्यक्तिहरुको पहिचान गरी गरेको अध्ययन प्रतिवेदनको निष्कर्श र सिफारिसहरू प्रस्तुत गरिएको थियो। अनुसन्धानका अनुसार २५ देखि ३५ वर्ष उमेर समूहका अधिकांश महिलाहरू परिवारको असहयोगका कारण नागरिकता प्राप्त गर्नबाट वञ्चित भएका थिए। यस पश्चात भएको प्यानल छलफलमा राजनीतिक अभियन्ता डा बिन्दा पाण्डे, नागरिकताको अधिकारबाट वञ्चित रहेकी विमला लिम्बु, महिलाअधिकारकर्मी रेणु अधिकारी र महिला, कानुन र विकास मञ्चका कार्यकारी निर्देशक सबिन श्रेष्ठ सहभागी हुनुहन्थ्यो। कार्यक्रमसम्बन्धी थप जानकारी यहाँ हेर्न सक्नुहुन्छ।

यस कार्यक्रम र ओरेकको अनुसन्धानबाट आएका सुझाव र सिफारिसहरूलाई एकीकृत गरी गृह मन्त्रालय र कानुन, न्याय र संसदीय मामिला मन्त्रालयमा बुझाइएको थियो।



## मृत्युदण्डको सजायको अन्त्यको आह्वानसहितको लेख

संसारका विभिन्न देशहरूमा राज्यद्वारा अपराधमा संलग्न व्यक्तिहरूलाई मृत्युदण्ड दिइने गरिन्छ । विभिन्न देशका फरक किसिमका नीति र कानुनअनुसार मृत्युदण्डको सजाय सु नाइने र कार्यान्वयन गर्ने गरिन्छ । मानवजातिलाई दिइने सजायहरूमध्ये मृत्युदण्ड सबैभन्दा निर्दयी र अमानवीय सजाय हो त्यसकारण एम्नेस्टी इन्टरनेसनल जस्तो सुकै अपराध, अपराध हुनुको परिस्थिति अथवा जुनसुकै तरिकाले मृत्युदण्ड दिए पनि मृत्युदण्डको समग्र रूपमा विरोध गर्दछ। मृत्युदण्डले व्यक्तिको मानवअधिकार विशेष गरी “बाँच्न पाउने अधिकार” र “यातना विरुद्को अधिकार” उल्लङ्घन गर्दछ भन्ने विश्वास लिन्छ।

यसै सन्दर्भमा मृत्युदण्ड विरूद्धको विश्व दिवस २०८० असोज २३ मा मृत्यदण्डको व्यवस्थालाई किन संसार भरबाट खारेज गरिनुपर्दछ भन्ने कुरामा जोड दिँदै *द काठमाडौं पोष्टमा* एम्नेस्टी नेपालका निर्देशकको **Time to abolish death penalty globally** शीर्षकको लेख प्रकाशन भएको थियो।



Time to abolish death penalty globally

Capital punishment constitutes the gravest form of human rights violation

## ४. मानवअधिकार शिक्षा कार्यक्रम

समाजमा मानवअधिकार संस्कृतिको प्रवर्धन गर्ने उद्देश्यले भुइँ तहमा बालबालिका र युवा लगायत बढी भन्दा बढी व्यक्तिहरूलाई मानवअधिकारका विषयवस्तुहरूमा साक्षात्कार गराउने उद्देश्यले एम्नेस्टी नेपालले मानवअधिकार शिक्षा कार्यक्रम संचालन गर्दै आएको छ। यस कार्यक्रम अन्तर्गत भौतिक तथा अनलाइन माध्यमबाट अभिमुखीकरणहरू सञ्चालन गरी, एम्नेस्टी नेपालले आफ्ना सदस्यहरूलाई मानवअधिकार शिक्षा सम्बन्धी ज्ञान र सीप प्रदान गर्दै आएको छ। साथै, उक्त भौतिक तथा अनलाइन कार्यक्रमहरूमा भाग लिई मानवअधिकारका विषयवस्तुहरूका बारेमा ज्ञान र सीप प्राप्त गरेका एम्नेस्टी नेपालका सदस्यहरूले विभिन्न स्कूल र समुदायहरूमा गई मानवअधिकारसम्बन्धी ज्ञान र चेतना अभिवृद्धिका कक्षाहरू सञ्चालन गरी यस कार्यक्रममा आफ्नो सहभागिता जनाउदै आएका छन्।

मानवअधिकार शिक्षा कार्यक्रम मार्फत हामी यस आर्थिक वर्ष कूल १६,०७६ विद्यार्थीहरूसम्म पुग्न सफल भएका छौं। साथै, कार्यक्रमलाई थप प्रभावकारी बनाउन यस वर्ष ६० जना एम्नेस्टी अभियन्ताहरूलाई मानवअधिकार शिक्षा कार्यक्रमसम्बन्धी तालिम प्रदान गरिएको थियो।

### समूह तथा युथ नेटवर्कद्वारा संचालित मानवअधिकार शिक्षा सत्रमा सहभागिता र सहयोग

मिति २०८० श्रावण १३ गते समूह-८२ पोखराले कास्की जिल्लाका पोखरा महानगरपालिका आसपासका विद्यालयका सामाजिक शिक्षा विषय शिक्षकहरूका लागि मानवअधिकार र एम्नेस्टी इन्टरनेसनलको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो। उक्त कार्यक्रममा मानवअधिकार शिक्षा अधिकृत कुन्दन राज शर्माले एम्नेस्टी इन्टरनेसनलको विश्वव्यापी अभियानको इतिहास तथा वर्तमान प्राथमिकताहरू, एम्नेस्टी नेपालको इतिहास र वर्तमान प्राथमिकताहरू एवं मानवअधिकारका आधारभूत जानकारीका बारेमा प्रस्तुती र सहजीकरण गरेका थिए। यसैगरी श्रावण २९ गते समूह ५५ पनौतीले आफ्ना नयाँ सदस्यहरू, सदस्यता नवीकरण गर्ने चरणमा रहेका सदस्यहरूका साथै पनौती नगरपालिका विद्यालयहरूमा प्राध्यापन गर्ने शिक्षिकाहरूका निम्ति मानवअधिकार शिक्षा प्रशिक्षण कार्यक्रम आयोजना गरेको थियो। उक्त कार्यक्रमको अभियान संयोजक अस्मिता सापकोटाले सहजीकरण गर्नु भएको थियो।

### मानवअधिकार शिक्षासम्बन्धी *मास्टर ट्रेनिङ्ग अफ ट्रेनर्स* कार्यक्रमको आयोजना

एम्नेस्टी इन्टरनेसनल नेपालले २०८० चैत्र २३ र २४ गते भक्तपुरको सूर्यविनायकस्थित भक्तपुर गेस्ट हाउसमा "मानवअधिकार शिक्षा मास्टर प्रशिक्षकहरूको प्रशिक्षण २०२४" कार्यशाला आयोजना गर्यो। यस कार्यक्रमको उद्देश्य नेपालभरिका समूह र युथ नेटवर्कका सदस्यहरूलाई विद्यालय र कलेजहरूमा मानवअधिकार शिक्षा प्रवर्द्धन गर्न सक्षम बनाउनु थियो। सन् २०१८ देखि नै एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह र युथ नेटवर्कले नेपालभरिका विद्यालय र कलेजका विद्यार्थीहरूलाई मानवअधिकारसम्बन्धी आधारभूत विषयमा प्रशिक्षण दिँदै, पुस्तिका, ब्रोशर, पाम्फ्लेट, र अन्य सामग्रीहरू वितरण गर्दै आएको छ। यस कार्यशालामा पनि उक्त प्रयासलाई थप सुदृढ बनाउन र आगामी वर्षका लागि प्रभावकारी योजनाहरू तय गर्न छलफल गरियो।

कार्यशालामा ६० जना सहभागी छनोट भएका थिए। मानवअधिकार शिक्षाका कार्यक्रमहरूमा सक्रिय समूह र युथ नेटवर्कहरूले स्वतः दुई जना सदस्य (कम्तिमा एक महिला) मनोनयन गर्न पाउने व्यवस्था गरिएको थियो। बाँकी सदस्यहरूको छनोटका लागि गुगल फारमबाट आवेदन मागिएको थियो, जसमा दिइएका

उत्तरहरूको आधारमा छनोट गरिएको थियो। ५०० भन्दा बढी व्यक्तिहरूलाई मानवअधिकार शिक्षा पुऱ्याउने समूहलाई प्रेरित गर्न विशेष जोड दिइएको थियो। कार्यक्रममा मानवअधिकार, जलवायु न्याय, संक्रमणकालीन न्याय, लैङ्गिक न्याय, र आवासको अधिकारलगायत महत्त्वपूर्ण विषयहरूमा प्रशिक्षण र छलफल गरियो। अघिल्लो वर्षको सुझावअनुसार, यस पटकको कार्यशाला थप अन्तरक्रियात्मक बनाइएको थियो, जसमा सामूहिक गतिविधिहरूलाई प्राथमिकता दिइएको थियो। कार्यक्रमसम्बन्धी थप जानकारी यहाँ रहेको छ।






## दोस्रो एसिया-प्रशान्त क्षेत्रीय मानवअधिकार शिक्षा बैठकमा एम्नेस्टी नेपालको सहभागिता

मानवअधिकार शिक्षा कार्यक्रम संचालन गर्ने एसिया-प्रशान्त क्षेत्रमा रहेका एम्नेस्टी इन्टरनेसनलका विभिन्न शाखा (एन्टिटी)हरूबीच सीप तथा कार्यतरिका आदानप्रदान गर्न, उनीहरूबीचको सम्बन्ध गहिरो र प्रगाढ बनाई क्षेत्रीय स्तरको मानवअधिकार शिक्षा कार्यक्रम संचालन गर्न र "प्रोटेक्ट द प्रोटेस्ट" नामक एम्नेस्टी

इन्टरनेसनलको विश्वव्यापी अभियानलाई टेवा पुग्ने गरी क्षेत्रीय मानवअधिकार शिक्षाका परियोजनाहरू संचालनका लागि योजना र विचार मन्थन गर्ने उद्देश्यका साथ २०८० कार्तिक ३० देखि मंसिर २ श्रीलंकास्थित नेगोम्बोमा अढाई (२.५) दिने "दोस्रो एसिया-प्रशान्त क्षेत्रीय मानवअधिकार शिक्षा बैठक" संचालन भएको थियो। उक्त कार्यक्रममा एम्नेस्टी नेपाललाई प्रतिनिधित्व गर्दै मानवअधिकार शिक्षा संयोजक कुन्दन राज शर्मा र आईटि अधिकृत प्रशान्त त्रिपाठीले भाग लिनु भएको थियो। एम्नेस्टी कोरिया, एम्नेस्टी अस्ट्रेलिया, एम्नेस्टी इन्डोनेसिया, एम्नेस्टी फिलिपिन्स, एम्नेस्टी ताईवान, एम्नेस्टी मंगोलिया, एम्नेस्टी थाईल्याण्ड र एम्नेस्टी नेपालको सहभागिता रहेको उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय सचिवालय एसिया-प्रशान्त क्षेत्रीय कार्यालयका तत्कालीन क्षेत्रीय निर्देशक पिया मुकित र दक्षिण एसिया क्षेत्रीय कार्यालयको निमित्त क्षेत्रीय निर्देशक स्मृति सिंहको समेत उपस्थिति रहेको थियो। उक्त कार्यक्रम एसिया-प्रशान्त क्षेत्रीय मानवअधिकार शिक्षा संयोजक सोम्या डिम्रीको संयोजकत्वमा भएको थियो।





उक्त कार्यक्रमबाट एम्नेस्टी नेपाल र वृहत्तर एम्नेस्टी मुभमेन्टले प्राप्त गरेका केही मुख्य उपलब्धिहरू निम्नानुसार रहेका छन्:

- एम्नेस्टी इन्टरनेसनलका विभिन्न एन्टिटीहरूबीच आ-आफ्नो एन्टिटीमा मानवअधिकार शिक्षा कार्यक्रम कसरी संचालन हुन्छ भन्ने विषयमा सीप तथा जानकारी आदानप्रदान भयो। अन्य एन्टिटीहरूको सबल पक्षबारे जान्ने र एम्नेस्टी नेपालमा पनि त्यस्ता कार्यक्रम आयोजना गर्नका लागि महत्त्वपूर्ण "*इनसाइट*" प्राप्त भयो।
- एम्नेस्टी मंगोलियाले औपचारिक मानवअधिकार शिक्षा (सरकारी पाठ्यक्रममा मानवअधिकार शिक्षा समावेश गर्ने कार्य) मा निकै उपलब्धि हासिल गरेको र सोबाट सिक्ने मौका प्राप्त भयो।
- एम्नेस्टी नेपालको सबल पक्ष *मेम्बरसिप मोबिलाइजेसन*मार्फत मानवअधिकार शिक्षा रहेको कुरा क्षेत्रीय स्तरमा दर्ज गरियो।
- एसिया प्रशान्त क्षेत्रमा मानवअधिकार शिक्षा कार्यक्रम संचालन गर्ने एम्नेस्टी एन्टिटीहरूबीच आर्थिक एवं वस्तुगत स्रोत आदान प्रदान गर्ने, एकीकृत कार्यक्रम/प्रोजेक्ट गर्ने र एक-अर्काको कार्यक्षेत्र वा देशमा हुने गरेका मानवअधिकार उल्लङ्घनमा ऐक्यबद्धता जनाउँदै मानवअधिकार शिक्षा संचालन गर्ने विषयमा मतैक्यता भयो।
- २७-२९ डिसेम्बरमा नेपालमा तय गरिएको "प्रोटेक्ट द प्रोटेस्ट"को क्षेत्रीय मानवअधिकार शिक्षा कम्पोनेन्ट प्रशिक्षक-प्रशिक्षण कार्यशालाको पाठ्यक्रमलाई निष्कर्षमा पुर्याइयो।

## ५. इन्टरनेसनल सोलिडारिटी क्यामपेन (International Solidarity Campaign)

जहाँसुकै अन्याय हुँदा पनि सबै ठाउँको न्यायलाई खतरा हुन्छ अर्थात *Injustice anywhere is a threat to justice anywhere* भन्ने मान्यताका साथ एम्नेस्टीले यस अभियान अन्तर्गत संसारको कुनै पनि कुनामा भएका मानवअधिकार हनन् र उल्लङ्घनका घटनाहरूमा चासो र चिन्ता पकट गर्दछ। यस्ता घटनाहरूको विरोध स्वरूप एम्नेस्टीका विश्वभर रहेका कार्यालयहरू, शाखा लगायत सदस्यहरूले धर्ना, अनलाइन पिटिसन, हस्ताक्षर अभियान, प्रदर्शन जस्ता विभिन्न अभियानात्मक गतिविधिहरू संचालन गरी आफ्नो आवाज उठाउने गर्छन्। यस वर्ष एम्नेस्टी नेपालले सुडान, अस्ट्रेलिया, म्यानमार, ट्युनिसिया, संयुक्त राज्य अमेरिका, संयुक्त अरब इमिरेटस्, प्यालेस्टाइन र पोल्याण्ड लगायतका देशहरूमा भएका मानवअधिकार हनन् र ज्यादतीका घटनामा आवाज उठाएको थियो। साथै नेपालको परराष्ट्र मन्त्रालयलाई संयुक्त राष्ट्रसंघ मानवअधिकार परिषद्मा हुने विभिन्न राष्ट्रका मानवअधिकारका सवालमा हुने निर्णयहरूमा सुझाएको थियो।

### राइट फर राइट्स अभियान

एम्नेस्टी इन्टरनेसनलको वार्षिक विश्वव्यापी *राइट फर राइट्स* अभियान अन्तर्गत, यस वर्ष एम्नेस्टी नेपालले २,०१,५१९ पिटिसन (जसमध्ये १०९ अनलाइन) संकलन गर्न सफल भएको छ। यी पिटिसनहरू मानवअधिकार उल्लंघनबाट पीडित वा जोखिममा रहेका मानवअधिकार रक्षकहरू तथा व्यक्ति/समूहहरूको न्यायका लागि संकलन गरिएको हो।



अन्तर्राष्ट्रिय सचिवालयले चयन गरेका १० मुद्दामध्ये ६ अन्तर्राष्ट्रिय र नेपालमा प्रहरी हिरासतमा हुने मृत्युसम्बन्धी एक स्थानीय मुद्दा समेत गरी जम्मा ७ मुद्दाहरूमा पिटिसन संकलन गरिएको थियो। हस्ताक्षर संकलनमा उत्कृष्ट प्रदर्शन गर्ने समूहहरूमा समूह ५५, पनौतीले ४९,७७९, समूह ३७, बुटवलले २६,६७५, र समूह ८०, काठमाडौंले १०,१०३ पिटिसन संकलन गरेका थिए।

यस अघि यस अभियानलाई सफल र व्यापक बनाउन नवलपरासीको गैंडाकोटमा २०८० कार्तिक २४ मा एक तयारी कार्यशाला आयोजना गरिएको थियो जसमा नेपालभरका विभिन्न समूह, युथ नेटवर्कका प्रतिनिधि र व्यक्तिगत सदस्यहरू गरी करिब १३० जनाको उपस्थिति थियो। तयारी कार्यशालामा अभियानका लागि चयन गरिएका विषयवस्तु र मुद्दाहरूको जानकारी प्रदान गर्दै प्रभावकारी योजना, उपाय र विधिहरूमाथि छलफल र परामर्श गरिएको थियो। कार्यशालासम्बन्धी थप जानकारी यस लिङ्कमा उपलब्ध छ।

साथै १५औं वार्षिक मानवअधिकार राष्ट्रिय महाभेला (*म्याग्ना मिट*) को उद्घाटन समारोहमा फ्युजन युथ नेटवर्कका स्वयंसेवकहरूले एम्नेस्टी नेपाल कार्यालयको सहयोगमा *राइट फर राइट्स* पिटिसन स्टल राखेका

थिए र विभिन्न मुद्दाहरूको व्याख्या गर्दै अतिथिहरूलाई पिटिसनमा हस्ताक्षर गर्न प्रोत्साहित गरेका थिए। सङ्कलित पिटिसनहरू मध्ये अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानेजलाई संबोधन गरिएका ३०,६९९ थानलाई २०८१ जेष्ठ ३० मा काठमाडौं स्थित अस्ट्रेलियन राजदूतावासलाई हस्तान्तरण गरिएको थियो। पिटिसनमा अस्ट्रेलियाको उत्तरी भाग टोरेस स्ट्रेटमा बसोवास गरिरहेका आदिवासी समुदायका नेता अङ्कल पाबाई र अङ्कल पलले उठाइरहेका जलवायु परिवर्तनका कारण देखापरेको विकराल समस्याहरूमा ध्यान दिन र मानवअधिकारसम्मत जलवायु कार्यहरू गर्नका लागि आह्वान गरिएको थियो।










## सुडानमा युद्ध अपराध र मानवअधिकार उल्लंघन रोक्न नेपाल सरकारको प्रभावकारी पहलको लागि आह्वान

त्यस्तै एम्नेस्टी नेपालले २०८० २३ असोजमा नेपालका परराष्ट्र मन्त्री माननीय एन.पी. साउदलाई एक पत्र लेखी अफ्रिकी मुलुक सुडानमा भइरहेको युद्ध अपराध र गम्भीर मानवअधिकार उल्लंघनबारे जानकारी गराउँदै संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्मा सुडानका लागि स्वतन्त्र अनुसन्धानात्मक संयन्त्रको स्थापना गर्न, नागरिक सुरक्षा सुनिश्चित गर्न र शरणार्थीहरूको सुरक्षा तथा मानवीय सहायता वृद्धि गर्न नेपाल सरकारलाई पहल गर्न अनुरोध गरिएको थियो।

## इजरायल र प्यालेस्टाइन बीच तत्काल र दिगो युद्धविरामको माग गर्दै नेपालमा प्रदर्शनहरू

हमासले २० असोजमा इजरायलमा गरेको आक्रमणपछि इजरायली सेना र हमाससहितका सशस्त्र समूहहरूबीचको द्वन्द्वले गाजा, राफा लगायत क्षेत्रमा चरम नागरिक संकट निम्त्याएको छ। विश्व नेतृत्वउपर अन्तर्राष्ट्रिय दबाब कायम राख्न र इजरायल र अधीनस्थ प्यालेस्टाइन क्षेत्रमा दिगो युद्धविरामको आह्वानलाई अझ सशक्त बनाउने उद्देश्यले विश्वभर प्रदर्शहरू भइरहेका छन्।

गाजा, रफा लगायत स्थानहरूमा मानवीय सहायता सहज रूपमा पुऱ्याउन र नागरिक हताहती रोक्न तत्काल युद्धविरामको माग गर्दै एम्नेस्टी नेपालले अर्जेन्ट एक्सनसहित पेटिसन हस्ताक्षर अभियान, फोटो स्टन्ट, धर्ना लगायतका दबाबमूलक कार्यक्रमहरू आयोजना गरिरहेको छ। काठमाडौंको रत्नपार्कमा २ पौषमा आयोजना गरिएको धर्ना कार्यक्रममा नागरिक समाज, मानवअधिकारकर्मी, पत्रकार, एम्नेस्टी अभियन्ता र सर्वसाधारणको

उल्लेखनीय सहभागिता रह्यो। कार्यक्रममा #CEASEFIRE NOW लेखिएको ब्यानर, प्लाकार्ड, र नारासहित जुलुस गर्दै इजरायल र प्यालेस्टाइन क्षेत्रमा दिगो युद्धविरामको माग गरियो।














## साउदी अरेबियामा अभिव्यक्ति स्वतन्त्रतामाथि भएका दमनहरू विरुद्ध एम्नेस्टीको #KingdomOfRepression अभियानको सुरुवात




एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयले चैत्र ११ मा साउदी अरेबियाको शक्तिशाली जनसम्पर्क संयन्त्रको सामना गर्न #KingdomOfRepression अभियान सुरु गरेको छ। यस अभियानले साउदी अरेबियामा शान्तिपूर्ण अभिव्यक्तिको लागि वकालत गर्दा कैद वा मृत्युदण्डको सजाय पाएका व्यक्तिहरूको रिहाइको मागलाई प्राथमिकतामा राखेको छ। सन् २०१७ मा सत्तामा आएका अधिराजकुमार मोहम्मद बिन सलमानले प्रगति र सुधारका ठूला प्रतिज्ञाहरू गरे पनि एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले साउदी अरेबियामा अभिव्यक्ति स्वतन्त्रतामाथि शून्य सहनशीलता, उच्च मृत्युदण्डको दर र मानवअधिकार उल्लङ्घनलाई अझ बलियो बनाएको देखाएको छ। साउदी अरेबियामा हजारौं नेपाली श्रमिकहरू रोजगारीका लागि जाने गरेको हुँदा त्यहाँ भएका मानवअधिकार उल्लङ्घनहरूले उनीहरूलाई प्रत्यक्ष रूपमा असर गर्छन्। नेपाली लगायत अन्य आप्रवासी श्रमिकहरूलाई स्वतन्त्र रूपमा रोजगारदाता परिवर्तन गर्न वा बिना शर्त देश छोड्ने अधिकारहरू सुरक्षित छैनन्। यस कारणले गर्दा यो अभियान एम्नेस्टी नेपालका लागि विशेष रूपमा महत्त्वपूर्ण छ।

अभियानको पहिलो चरणमा, एम्नेस्टी नेपालले आफ्ना सदस्यहरूलाई एक्सन सर्कुलर पठाई, अनलाइन पेटिसनमा हस्ताक्षर गरेर अन्यायपूर्ण सजाय भोगिरहेका व्यक्तिहरूको लागि न्यायको आवाज उठाउन अनुरोध

गर्‍यो। साथै, एम्नेस्टी नेपालले आफ्ना अभियन्ताहरूलाई दमनका बारेमा तयार पारिएको भिडियो र अन्य सामाग्रीहरू सामाजिक सञ्जालमा पोस्ट गर्न अनुरोध गरेको थियो।

## ६. युवा सहभागिताको प्रवर्द्धन

युवाहरूको आवाज र सहभागिताको माध्यमबाट मानवअधिकारसम्बन्धी सकारात्मक परिवर्तनको प्रवर्धन गर्ने, एम्नेस्टी नेपालका युवा सदस्यहरूलाई मानवअधिकार, अभियान संचालन तथा एम्नेस्टी इन्टरनेसनलका वर्तमान प्राथमिकताहरूका बारेमा सुसूचित गर्ने उद्देश्यले हरेक वर्ष युवा लक्षित कार्यक्रमहरू आयोजना गर्दछ। यसका साथै अन्तर्राष्ट्रिय सचिवालयद्वारा संचालन हुने विभिन्न कार्यक्रमहरूमा (भौतिक उपस्थिति आवश्यक पर्ने वा अनलाइन माध्यमबाट संचालन हुने) एम्नेस्टी नेपालका युवा सदस्यहरूको सहभागिताको निम्ति आवश्यक समन्वय गर्ने कार्यहरू पनि गर्दछ।

### सोह्रौं युथ मेलाको आयोजना

एम्नेस्टी इन्टरनेसनल नेपालले मिति २०८१ साल जेठ ६ देखि ८ गतेसम्म कास्कीको पोखरामा १६ औं राष्ट्रिय युथ मेलाको आयोजना गर्यो। हरेक वर्ष युवा सदस्यहरूलाई लक्षित गरी आयोजना गरिने एम्नेस्टी इन्टरनेसनल नेपालको यस युथ मेलाले मानवअधिकारका विविध विषयका बारेमा युवा सदस्यहरूलाई सूसुचित गर्ने र अभियानात्मक गतिविधिमा उनीहरूलाई जोडिन अभिप्रेरित गर्यो। युवाहरूको आवाज र सहभागिताको माध्यमबाट मानवअधिकारसम्बन्धी सकारात्मक परिवर्तनको प्रवर्धन गर्ने र समाजमा व्याप्त जातीय विभेदको अन्त्य गर्ने




उद्देश्यका साथ आयोजना गरिएको यस वर्षको उक्त युथ मेलाको नारा एम्नेस्टीद्वारा भर्खरै प्रकाशित एक अध्ययन प्रतिवेदनको आधारमा **"कसैलाई मतलब छैनः नेपालमा दलित विरूद्ध वंशमा आधारित विभेद (No One Cares: Descent-Based Discrimination Against Dalits in Nepal)** रहेको थियो।

५० भन्दा बढी युथनेटवर्कका करिब ११० जनाले उक्त मेलामा सहभागिता जनाएका थिए। मानवअधिकारका समसमायिक विषयहरू जस्तै सङ्क्रमणकालीन न्याय, LGBTQI+ समुदायको अधिकार, जलवायु परिवर्तनले मानवअधिकारमा पारेको प्रभाव, लैङ्गिक न्याय, न्यायमा पहुँच लगायतका सवालहरूमा छलफल र अन्तर्क्रियाहरू गरिएको थियो। सहभागीहरूलाई पुम्दीकोट डाँडाको भ्रमण पनि गराइएको थियो। सहभागीहरूद्वारा गाजा पट्टिमा




तत्काल युद्धविरामको घोषणाको माग गर्दै पोखरामा एक रयाली पनि आयोजना गरिएको थियो। थप जानकारी यहाँ रहेको छ।

## एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालयद्वारा आयोजित डिजिटल राइट्स सम्मेलनमा युवा सदस्यको प्रतिनिधित्व

आधुनिक डिजिटल विश्वमा युवा तथा बालबालिकाहरूको अधिकार सुनिश्चित गर्नको निम्ति विश्वव्यापी समुदाय निमाण गर्ने, युवा तथा बालबालिकाहरूको भनाईहरू सुनिने र सम्मान गरिने कुराको सुनिश्चितता गर्न इन्टरनेटको शक्तिको परिचालन गर्ने, विश्वका युवा तथा बालबालिकाहरूले सुरक्षित तथा अधिकारको सम्मान हुने डिजिटल वातावरण प्राप्त गरुन, सबै विश्वका युवा तथा बालबालिकाहरूले इन्टरनेटमा समान पहुँच प्राप्त गरून, र विभिन्न मानवअधिकारका समस्याहरूको समाधानका निम्ति वुया तथा बालबालिकाहरूको पनि भूमिका हुन्छ भन्ने मान्यतालाई सबलीकरण गर्ने उद्देश्यले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयले २०८१ बैशाख १ देखि ३ गतेसम्म (तदनुसार १३ देखि १५ अप्रिल २०२४) अर्जेन्टिनाको बुएनोस एइरिसमा *ग्लोबल युथ समिट अन डिजिटल राइट्स* आयोजना गरेको थियो। अन्तर्राष्ट्रिय सचिवालयले एम्नेस्टी इन्टरनेसनलका विभिन्न सेक्सनहरू मध्येबाट पन्ध्र जना युवा सदस्यहरूलाई *डिजिटल राइट्स च्याम्पियन*को रुपमा छनोट गरी उक्त युथ समिटमा भाग लिने व्यवस्था मिलाएको थियो। अन्तर्राष्ट्रिय सचिवालयले एम्नेस्टी नेपाल फ्युजन युथ नेटवर्ककी युवा सदस्य रचना दंगाललाई पनि छनोट गरी उक्त युथ समिटमा सहभागी बनाएको थियो। एम्नेस्टी नेपाल सचिवालयले एम्नेस्टी नेपालको तर्फबाट सहभागिता जनाउनुहुने युवा सदस्य रचना दंगाललाई अर्जेन्टिनाको भिसा प्रक्रिया तथा दस्तावेजहरूको अनुवाद, नोटरी र व्यवस्थापनमा सहयोग गरेको थियो। उक्त युथ समिटसम्बन्धी थप जानकारी यहाँ प्राप्त गर्न सकिन्छ।

## युथ इनिसिएटिभ नेपाललाई जलवायु न्यायसम्बन्धी कार्यक्रम आयोजना गर्नका लागि सहयोग

"अर्को विश्व सम्भव छ" भने मुल नाराका साथ फेब्रुअरी १५ देखि १९ सम्म विश्व सामाजिक मञ्च (*वोर्ल्ड सोसल फोरम*)का विभिन्न कार्यक्रमहरू संचालन भएकोमा एम्नेस्टी नेपालले युथ इनिसिएटिभ नेपाल नामक

युवाहरू सम्मिलित एक संस्थालाई जलवायु न्यायसम्बन्धी कार्यक्रम आयोजना गर्नका लागि प्राविधिक सहयोग प्रदान गरेको थियो। *युथ! पावर! एक्सन! ग्लोबल चिल्ड्रेन एण्ड युथ स्ट्राटेजी २०२२-२०२५* नामक एम्नेस्टी इन्टरनेसनलको मुभमेन्टको युवा तथा बालबालिका रणनीतिले एम्नेस्टीको विश्वव्यापी मुभमेन्ट भित्र मात्र नभई मुभमेन्ट बाहिरका युवाहरूसँग पनि सहकार्य गरिनुपर्ने भनि उल्लेख भएको कारण मुभमेन्ट बाहिरको युवाहरू सम्मिलित संस्थासँगको सहकार्यमा उक्त कार्यक्रम संचालन गरिएको थियो।

## ७. अन्य विविध गतिविधिहरू

### "*ह्युमन राइट्स् इकोनोमी*" विषयक कार्यक्रम आयोजना




एम्नेस्टी इन्टरनेसनल नेपाल, ESCR नेटवर्क र जुरी नेपालको समन्वयमा *"ह्युमन राइट्स इकोनोमि : कि टु रिअलाइजेसन अफ इएससिआर"* शीर्षकमा २०८० भाद्र १ मा एक छलफल कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तका कार्यालय (OHCHR) का आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार शाखाका प्रमुख प्रदिप वाग्लेले संयुक्त राष्ट्र सङ्घले विकास गर्न गृहकार्य गरिरहेको "ह्युमन राइट्स् इकोनोमी"को अवधारणा र सिद्धान्तका बारेमा प्रस्तुति गर्नुभएको थियो। विश्वमा बढ्दो गरिबी, असमानता र अन्यायको संबोधनका लागि मानवअधिकारलाई केन्द्रमा राखी मानवअधिकारको सम्मान, संरक्षण, प्रवर्धन, उपभोग र प्राप्तिमा सरकारहरूले उल्लेख्य आर्थिक लगानी गर्ने सोको लागि अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्ने र यसमा जवाफदेही हुने लगायतका विषयका बारेमा चाखलाग्दो प्रस्तुति र छलफलहरू भएको थियो।

### *पिपल पाओर* कार्यशाला सम्पन्न




मिति २०८० असोज १८ र १९ गते अन्तर्राष्ट्रिय सचिवालयको सहयोगमा पिपल पाओर वर्कसप सम्पन्न भएको छ। राष्ट्रिय सचिवालयका कर्मचारी, नेसनल बोर्डका सात जना पदाधिकारी र सदस्य तथा पाँच जना याक्टिभिस्टहरूको सहभागितामा उक्त कार्यशाला सम्पन्न भएको छ। पिपल पाओरको परिभाषा, कम्पोनेन्ट र बिल्डिङ्ग ब्लक्स, सिद्धान्तलगायतका सैद्धान्तिक र अन्य व्यवहारिक र वस्तुगत सवालमा प्रस्तुति र छलफलहरू भएका थिए। उक्त कार्यशालामा एम्नेस्टी अस्ट्रेलियाकी सारा गुडराम, एम्नेस्टी थाइल्याण्डकी

पेटचारत (मे) र इसिप्रोका नवाफोन र गुयनको पनि सहभागिता रहेको थियो। कार्यशालाको अन्त्यमा एम्नेस्टी नेपालका लागि पिपल पाओरसम्बन्धी भिजन स्टेटमेन्टका साथै केही याक्सन पोइन्टहरूमा पनि सहमति गरिएको थियो।

## एम्नेस्टी इन्टरनेसनलको वार्षिक मानवअधिकार प्रतिवेदन सार्वजनिकीकरण

एम्नेस्टी इन्टरनेसनल नेपालले २०२४ अप्रिल २४ (२०८१ वैशाख १२) मा एम्नेस्टी इन्टरनेसनलको सन् २०२३ को मानवअधिकार मूल्याङ्कन "विश्वको मानवअधिकार अवस्था" प्रतिवेदन एक कार्यक्रमका बीच सार्वजनिक गरेको थियो। एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीले नेपाली भाषामा अनुवाद गरिएका केही अंशहरू समावेश गरिएको उक्त प्रतिवेदनलाई सार्वजनिक गर्नुभएको थियो। प्रतिवेदनको मूल निचोड यस्तो रहेको थियो:

सन् २०२३ मा मानवअधिकार दुर्व्यवहारहरू व्यापक थिए। बढ्दो संख्याका द्वन्द्वहरूमा राज्य र सशस्त्र समूहहरूले बारम्बार गैरकानूनी आक्रमण र हत्याहरू गरे। संसारभरका अधिकारीहरूले अभिव्यक्ति स्वतन्त्रता, संघ संगठन खोल्ने स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने स्वतन्त्रतामाथि दमन गरेर, मानवअधिकार रक्षक, राजनीतिक विपक्षी र अन्य अभियन्ताहरूलाई स्वेच्छाचारी रूपमा गिरफ्तार गरेर र कहिलेकाहीं यातना तथा अन्य दुर्व्यवहार गरेर असहमतिलाई दमन गरे। धेरै राज्यहरू आर्थिक अन्याय र जलवायु सङ्कटलाई बेवास्ता गर्दै मानिसको खाद्य, स्वास्थ्य, शिक्षा र स्वस्थ वातावरणको अधिकार परिपूर्ति गर्नका लागि उपायहरू अपनाउन पनि विफल भए। सरकारहरूले शरणार्थी र आप्रवासीहरूलाई प्रायः अपमानजनक र नश्लवादी तरिकाले व्यवहार गरे। महिला, एलजिबिटिआई मानिस, आदिवासी जनजाति र जातीय वा धार्मिक समुदायहरू विरुद्ध गहिरो रूपमा जरा गाडेर रहेको विभेदले उनीहरूलाई सीमान्तकृत बनाउनुका साथै हिंसा र आर्थिक तथा सामाजिक अधिकार उल्लङ्घनको असमानुपातिक जोखिममा पुर्याएको छ। बहुराष्ट्रिय कर्पोरेट कर्ताहरूले कतिपय यी दुर्व्यवहार गर्नमा भूमिका खेलेका छन्। क्षेत्रीय अवलोकनहरूले क्षेत्रीय स्तरमा देखिएका यस्ता प्रवृत्तिहरूमाथि थप व्याख्या गरेका छन्।

यो विश्वव्यापी विश्लेषण विश्वव्यापी स्तरमा देखिएका यिनै प्रतिकूल प्रवृत्तिहरूमध्ये केहीमाथि प्रकाश पार्ने चारवटा मुद्दाहरूमा केन्द्रित छः सशस्त्र द्वन्द्वमा नागरिकलाई खर्चिन मिल्ने वा नाश हुन दिन मिल्ने खालको व्यवहार; लैङ्गिक न्याय विरुद्ध बढ्दो प्रतिघात; सबैभन्दा सीमान्तकृत समुदायमाथि आर्थिक सङ्कट, जलवायु परिवर्तन र वातावरणीय ह्रासको असमानुपातिक प्रभाव; र जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लगायत नयाँ र विद्यमान प्रविधिहरूबाट उत्पन्न भएका खतराहरू। एम्नेस्टी इन्टरनेसनलको दृष्टिकोणमा यी



सवालहरू सन् २०२४ र त्यसपछि पनि विश्वभर मानवअधिकारका लागि महत्त्वपूर्ण चुनौतीहरूका रूपमा रहने छन्। राज्यहरूले यी समस्यालाई व्यवस्थापन गर्न तथा थप द्वन्द्व र संकटहरू देखा पर्न वा गहिरिनबाट रोक्नको लागि ठोस कदम चाल्नुपर्छ।

यस वर्षको वार्षिक प्रतिवेदनमा आम सञ्चार माध्यम र अन्य सरोकारवालाहरूको अत्यधिक ध्यान गएको महशुस गर्न सकिन्थ्यो। यस वर्ष राष्ट्रिय सञ्चार माध्यमहरूले करिब ६० वटा समाचार यस प्रतिवेदनमा



# 'It is too late for Transitional Justice'

## *'The govt again failed to progress in delivering justice'*

Himalayan News Service
*Kathmandu, April 24*

"It is too late for transitional justice to be delivered to conflict victims," said Nirajan Thapaliya, Amnesty International's Nepal Director, to *The Himalayan Times* after releasing the Amnesty International Report in Nepal today.

"The government again failed to make significant progress towards delivering truth, justice and reparations to tens of thousands of victims of crime under international law and other grave human rights violations committed by both sides during the 1996-2006 conflict," he said, adding, "The Truth and Reconciliation Commission and the Commission of Investigation on Enforced Disappeared Persons, which had respectively collected more than 60,000 and 3,000 complaints from victims, failed to resolve a single case in 2023."

Similarly, the AI report states that in March, the government presented to parliament a Bill for the Amendment of the Investigation of Enforced Disappeared Persons, and Truth and Reconciliation Commission Act (2014) without consulting conflict victims. The Bill failed to comply with a 2015 Supreme Court ruling that would have brought it in line with domestic and international human rights standards, and it appeared to shield alleged perpetrators from prosecution for certain international crimes. At the end of the year, the Bill was still pending in the lower house.

Amid widespread concerns about the government's misuse of amnesty provisions, the Supreme Court, in November, overturned a presidential amnesty for murder, ruling that victims' families must consent.

Thapaliya also said security forces continued to use excessive force to disperse and detain protesters, resulting in four deaths. Authorities banned TikTok and carried out arrests to limit freedom of expression. Torture and ill-treatment by security forces were reported, and authorities failed to carry out credible and independent investigations into deaths in custody.

Gender-based discrimination also continued. Migrant workers were subjected to abusive and illegal recruitment practices.

Security forces continued to detain activists and individuals critical of the government and ruling party politicians frequently used unlawful force against protesters.

According to the report, police detained five protesters seeking justice in sexual violence cases in February. Padam Limbu died in March after being struck by a police baton during an Indigenous Peoples protest in Morang district.

Authorities continued to crack down on protests by victims of loan sharks, who had gathered in Kathmandu to demand justice. In April, police used batons and water cannons to injure at least 40 protesters, while at least 20 were arrested.

In May, police detained and mistreated two journalists in Kanchanpur district who were reporting on a clash. In June, police arrested 16 activists in Kathmandu protesting against corruption involving government officials who allegedly collected money from hundreds of Nepalis to give them fake Bhutanese refugee status and resettle them in high income countries. In August, police used excessive force against Indigenous Peoples protests. In December, one protester was shot dead in Bara district and two protesters died due to excessive force in Lalitpur district.

The report also states that gender discrimination persisted in law and practice. In May, the president approved the Nepal Citizenship (First Amendment) Bill, which denied women equal citizenship rights. However, in September, the Supreme Court declared 'triple talaq,' or Islamic instant divorce, unconstitutional, which was a positive development.

Despite laws and policies against caste discrimination, numerous incidents of discrimination against members of the Dalit community were reported, including by elected officials.



# विश्वभर मानव अधिकार उल्लंघनका घटनामा वृद्धि : एम्नेस्टी



# अभिव्यक्ति र भेला हुने स्वतन्त्रता खुम्चिँदै : एम्नेस्टी

संप्रेषण गरेको पाइयो। कान्तिपुर टेलिभिजनले मसँग प्रतिवेदनका विषयवस्तुका सवालमा लाइभ अन्तर्वार्ता लिएको थियो। यसका अलावा रेडियो कान्तिपुर, रेडियो थाह खबर, र उज्यालो ९० नेटवर्कमा पनि मैले प्रतिवेदनका सवालमा अन्तर्वार्ताहरू दिएको थिएँ।

## महासचिव आग्नेस कालामारद्वा नेपाल भ्रमण

एम्नेस्टी इन्टरनेसनलका महासचिव डा. आग्नेस कालामारले जेष्ठ ८ देखि १२ (२१ देखि २५ मे) सम्म नेपाल भ्रमण गर्नुभयो। एम्नेस्टीका महासचिवले नेपालमा १० वर्षपछि भ्रमण गर्नुभएको हो। यसअघि सन् २०१४ मा पूर्व महासचिव सलिले सेट्टीले पनि नेपाल भ्रमण गर्नुभएको थियो।

महासचिव कालामारले जेठ ९ गते जातीय र लैङ्गिक हिंसाका पीडित, द्वन्द्वपीडित, मानवअधिकार रक्षकहरू लगायत नागरिक संघ संस्थासँग नेपालका समसामयिक मानवअधिकारका बारेमा छलफल र परामर्श गर्नुभएको थियो। त्यसैगरी जेठ १० गते उहाँले एम्नेस्टी नेपालका कर्मचारी र बोर्डसँग अलग अलग छलफल र संवाद गर्नुभएको थियो। जेठ ११ गते सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड", नेपाली काँग्रेसका नेता शेर बहादुर देउवा र नेकपा (एमाले) का नेता केपि शर्मा ओलीसँग भेटघाट गरी नेपालका प्रमुख मानवअधिकार चासोहरूमा आफ्नो धारणा र मागहरू राखुभएको थियो। त्यस्तै उहाँले जेठ ११ गते बानेस्वरस्थित एभरेस्ट होटलमा आयोजित "मानवअधिकारका समसामयिक चुनौती र भावी दिशा" शीर्षकको अन्तर्संवाद कार्यक्रममा टफटक कार्यक्रमका प्रस्तोता दिलभुषण पाठकसँग मर्मश्पर्शी कुराकानी गर्दै मानवअधिकारका धेरै सवालहरूमाथि प्रकाश पार्नुभएको थियो। साथै यसक क्रममा उहाँले नेपाल र दक्षिण एसियाका धेरै सञ्चार माध्यमहरूमा अन्तर्वार्ता पनि दिनुभएको थियो।


MONDAY INTERVIEW AGNÈS CALLAMARD

People are now listening to democratically elected authoritarian leaders

It is shocking to me that some killings are considered non-serious, and could lead to de facto amnesty for those responsible.

Agnès Callamard, secretary general, Amnesty International

केही झलकहरू :

















# परिच्छेद २

## समूह र युथ नेटवर्कहरूले आ.व. २०८०/८१ मा गरेका कार्यक्रमहरूको विवरण

राष्ट्रिय सचिवालयमा प्राप्त भएको जानकारीअनुसार एम्नेस्टी इन्टरनेसनल नेपालका समूह र युथ नेटवर्कहरूले मिति २०८० साउन १ देखि २०८१ असार ३१ गते (असार मसान्त) (१७ जुलाई २०२३ देखि १५ जुलाई २०२४) को अवधिमा निम्नबमोजिमका कार्यक्रम/गतिविधिहरू आयोजना गरेका छन्।

| समूह/युथ नेटवर्क | गतिविधि |
|---|---|
| समूह १, धनकुटा | |
